# अध्याय–एक
# अध्ययनको पृष्ठभूमि

## १. पृष्ठभूमि

शैली शब्द संस्कृतको ‘शील’ शब्दबाट निर्माण भएको हो । संस्कृतको ‘शी’ धातुमा ‘लक्’ प्रत्यय लागेर शील शब्दको व्युत्पादन भएको र यही ‘शील’ शब्दमा ‘इ’ प्रत्यय जोडिइ शैली शब्दको निर्माण भएको हो (शर्मा २०४८:३) । धेरै अगाडि देखि नै प्रयोग हुँदै आएको शैली शब्दको अर्थ ‘प्रदीपटीका’ मा ‘स्वभाव’ बताइएको छ भने ‘धातुपाठ’ मा यसको प्रयोग ‘एकान्त’ हुनु वा ‘अभ्यास’ हुनु भन्ने अर्थमा भएको पाइन्छ । त्यसैगरी ‘मध्यन्दनी संहिंता’ मा यसको प्रयोग ‘अञ्जनविद्याका देवता’ का अर्थमा समेत भएको पाइन्छ (शर्मा, २०५९:२) । त्यसैगरी नेपाली बृहत् शब्दकोशमा विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्दति, काम गराइएको ढाँचा, परिपाटी, छाँटछन्द । त्यस्तै साहित्यिक रचनमा लेखकका व्यक्तित्वगत विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा भन्ने अर्थ्याएको छ ।

आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको पाइन्छ । आधुनिक भाषाविज्ञानले साहित्यको भाषा वा काव्य भाषाको समेत अध्ययन गर्न थालेपछि शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ (शर्मा, २०५९:४) । शैलीविज्ञान अवश्य नै आधुनिक युगमा विकसित नयाँ विज्ञान वा शास्त्र हो, तर पूर्व र पश्चिम दुवैतिर यसको पुरानै परम्परा पनि देख्न पाइन्छ (शर्मा २०४८:४)। पूर्वमा भरत, भामह, दण्डी, आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक आदिका साहित्यशास्त्रीय चिन्तनमा भाषा पक्षको पनि प्रशस्त विवेचना पाइन्छ भने पश्चिममा ग्रिसेली विद्धान प्लेटो, अरस्तु आदी रोमन विद्वान सिसेरो, **इलियट,** लुकास आदि र अन्यले पनि शैली विषयको विवेचना गरेको पाइन्छ (शर्मा, २०४८:४) । शैलीविज्ञान मूलतः भाषाविज्ञानको एउटा विभाग वा शाखा भएता पनि यसको वर्तमान स्थिति निकै दरो भइसकेको छ र यसले एउटा स्वतन्त्र विज्ञानको रूप प्राप्त गरिसकेको छ (शर्मा,२०५९:५) । शैलीलाई सामान्य र विशिष्ट गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । सरल प्रकृतिको भाषिक प्रयोग तथा वस्तुपरकता र यथार्थ तथ्यहरूको अधिक्यता रहने शैली सामान्य शैली हो । विशेष र जटिल प्रकृतिको भाषा प्रयोग तथा भावनात्मकता केन्द्रित रही साहित्यिकता वा अलङ्कारिकताको प्रचुरता यसको पहिचान हो ।

आधुनिक शैलिविज्ञान stylistics को नेपाली रूपान्तरण हो । यो उन्नाइसौँ शताब्दीको प्रारम्भमा जर्मनमा stylistic शब्दको रूपमा र सन् १८७२ मा फ्रान्सेली भाषामा stylistique

शब्दको रूपमा प्रयोग भएको पाइन्छ भने अङ्ग्रेजी भाषामा सन् १८६२ मा यस शब्दको प्रयोग भएको पाइन्छ (शर्मा, २०४९:५) ।

आधुनिक युगमा शैलीविज्ञानको सुत्रपात गर्ने श्रेय प्रसिद्ध भाषाशास्त्री फर्डिनान्ड डी. सस्युरलाई छ । उनका चेला चार्ल्स बालीका कार्यबाट वर्तमान युगमा शैलीविज्ञानको प्रमुख धार सुरू हुन्छ (शर्मा, २०४८:५) । उनीहरूले भाषाफाँटभित्र पर्ने सबै अभिव्यञजना साधनहरूलाई अध्ययनको विषय बनाएका छन् । यसको अर्को मुख्य धार चाहिँ बेनेडिट्टो क्रोचेको सौन्दर्य शास्त्रीय सिद्धान्तबाट प्रभावित छ । जसका प्रवर्तक लियो स्पिस्जरलाई मानिन्छ (शर्मा,२०४८:५) ।

भाषावैज्ञानिक अध्ययनका विभिन्न सम्प्रदायको पृष्ठभूमि र सैद्धान्तिक आधारको भिन्नताले पनि शैलीवैज्ञानिक विश्लेषण पद्धति फरक परेको पाइन्छ । अचेल जति भाषावैज्ञानिक सिद्धान्तहरू छन् त्यति नै पद्धतिबाट साहित्यको विश्लेषण र मूल्याङ्कन गरिन्छ ।

चिना हराएको मान्छे' आत्मसंस्मरण चर्चित हास्य कलाकार हरिवंश आचार्यद्वारा लेखिएको पहिलो तथा उत्कृष्ट सिर्जना हो । सरल भाषाशैली, ठेट नेपाली शब्दहरूको प्रयोग गरी तत्कालिन देशको राजनीतिक सङ्क्रमणकालिन अवस्था र त्यसबाट जनताले भोगेका दु :ख, पीडा र स्वयम् आफुले भोगेका जीवन भोगाइलाई नवीन खालको विषयवस्तु मार्फत यर्थाथ ऐनामा देखाउन सफल भएको छ ।

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्याशं नेपा.शि. ५९८ को प्रयोजनार्थ तयार गरिएको छ । उक्त अनुसन्धानका क्रममा विशेषगरी पुस्तकालयीय विधिको प्रयोग गरी 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गरिनेछ । यस आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन यस भन्दा पहिले कोही कसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक रहेकोछ ।

## १.२ समस्या कथन :

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेकोछ :

(क) 'चिना हराएको मान्छे' अत्मसंस्मरणमा के कस्तो चयन पाइन्छ !

(ख) 'चिना हराएको मान्छे' अत्मसंस्मरणमा के कस्तो विचलन पाइन्छ !

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत शोध कार्यका निम्नलिखित उद्देयहरू रहेका छन् :

(क) चिना हराएको मान्छे आत्मसंस्मरणमा चयनको अध्ययन गर्नु,

(ख) चिना हराएको मान्छे आत्मसंस्मरणमा विचलनको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

अध्ययन अनुसन्धान नितान्त उपलब्धी मुलक र फलदायक हुन्छ । भाषा र साहित्य परिपूरक वस्तु हुन । साहित्यिक कृतिको वस्तुगत अध्ययन-विश्लेषणका लागि शैलीवैज्ञानिक अध्ययन महत्वपुर्ण हुन्छ । साहित्यका विविध विधाहरूको आ-आफ्नै भाषिक एवम् साहित्यिक संरचना हुन्छ । शैलीवैज्ञानिक विश्लेषणले साहित्यका विविध विधाहरूलाई एक अर्कामा अलग्याएर हेर्न सहयोग पुर्याउँछ । प्रस्तुत कृतिको शैलीवैज्ञानिक अध्ययनले कृति तथा कृतिकारका बारेमा धेरै कुराको जानकारी राख्दछ । कृतिकारहरूको शैलीगत अध्ययन गरी वास्तविक तथ्यहरूप्राप्त गरी कृतिका बारेमा खेल्ने भूमिकाको अध्ययन गरी निकालिएका निष्कर्षहरूले भावी दिनमा शैलीवैज्ञानिक अध्ययनका लागि महत्वपुर्ण भूमिका खेल्दछ । पाठ्यक्रम निर्माताहरूलाई पनि साहित्यिक कृतिको शैलिवैज्ञानिक अध्ययनबाट त्यस्ता साहित्यिक कृतिलाई पाठ्यक्रममा समावेश गर्ने प्रेरणा मिल्ने देखिन्छ । त्यसैगरी शिक्षकलाई पनि यस कृतिको शैलीवैज्ञानिक अध्ययनबाट प्राप्त नतिजाले यस कृति अध्ययन अध्यापन गर्दा के-कसरी र कुन शिक्षण विधि, कस्तो शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गर्दा सहज र उपयुक्त हुन्छ । यसले कृतिको व्यवस्थित र वस्तुगत विश्लेषण गर्ने भएकाले पठनपाठनका दृष्टिले पनि शैलीवैज्ञानिक शोध अध्ययन महत्वपुर्ण हुन्छ । त्यसैगरी भावी अनुसन्धानकर्तालाई पनि उक्त कृतिको मुल्याङ्कन र अन्य कृतिहरूको शैलीवैज्ञानिक अध्ययन गर्न महत्वपुर्ण भूमिका खेल्दछ । विधार्थीहरूलाई पनि आत्मसंस्मरणात्मक कृतिको अध्ययनबाट आफ्नो ज्ञानको भण्डार बढने भएकाले यसको महत्व रहेको छ । त्यसैगरी समालोचक एवम् विश्लेषकहरूलाई समेत फाइदा पुग्ने भएकाले यसको शैलीवैज्ञानिक अध्ययन गर्नु अत्यन्तै महत्व एवम् औचित्य स्पष्ट देखिन्छ ।

हरिवंश आचार्यद्वारा लेखिएको 'चिना हराएको मान्छे' आत्मसंस्मरण एक उत्कृष्ट कृति हो । यस 'चिना हराउको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययनको अभाव रहेकाले यस कृतिका बारेमा शैलिवैज्ञानिक अध्ययन विषयमा शोधपत्र तयार गर्न आवश्यक देखिएकाले यो शोध औचित्य र महत्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययमा निम्न क्षेत्र वा सीमामा आधारित रहेर तयार पारिएको छ :

- यस अध्ययन 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा भएको शब्द चयन र वाक्य चयनमा मात्र सीमित रहेको छ
- चिना हराएको मान्छे आत्मसंस्मरणमा व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, भाषिका विचलन, अर्थतात्विक विचलनमा मात्र सीमित रहेको छ,

## १.६ पारिभाषिक शब्द :

| | |
|---|---|
| शैली :- | लेखनको ढङ्ग वा ढाँचा |
| चयन :- | छान्ने/रोज्ने कार्य |
| विचलन :- | मानक भाषाको अतिक्रमण गर्नु/क्रम नमिल्नु |
| समानानन्तरता :- | पद/पदावली वाक्याशं/वाक्य वा भावार्थ दोहोरिनु |
| पुस्तकालयीय अध्ययन विधि :- | सम्बन्धित विषयमा केन्द्रित भएर पुस्तकालयमा गएर अध्ययन गरिने विधि |
| चिना हराएको मान्छे :- | हरिवंश आचार्यद्धारा लिखित आत्मसंस्मरण |

# अध्याय–दुई
# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

अर्याल (२०६४) द्वारा नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर अर्न्तगत **'कोही किन बरबाद होस् नाटकको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य गरिएको छ । यस शोध कार्यको उद्देश्यहरूमा (क) 'कोही किन बर्वाद होस् नाटकको विश्लेषण गर्नु, (ख) चयनका आधारमा विवेच्य नाट्य कृतिको विश्लेषण गर्नु, (ग) समानान्तरता र विचलनका आधारमा प्रस्तुत नाटकको अध्ययन विश्लेषण गर्नु, (घ) प्राप्त निचोडका आधारमा 'कोही किन बर्वाद होस्' नाटकको शैलीवैज्ञानिक ढाँचामा मूल्याङ्कन गर्नु रहेको छ । उक्त शोधकार्यमा पुस्तकालयीय विधि र वर्णनात्मक विधि प्रयोग गरिएको छ ।

बालमनोविज्ञानसँग सम्वन्धित 'कोही किन बरबाद होस्' नाटकमा मातृस्नेह एवम् आमाको मायाबाट वञ्चित भएका बालवालिकाको व्यवहार उपद्रवी किसिमको हुने, कमलादेवी अविवाहित भएर पनि बालकको भविष्य उज्वल पार्नका लागि आमाको अभिनय गरेकी, स्वास्नी पोइल गएपछि पुरूषमा देखा पर्ने विभिन्न मानसिक अवस्थाको विश्लेषण, बालबालिकाहरूलाई हप्काएर, पिटेर होइन कि उनीहरूको समस्याको कारण बुझेर मात्र चरित्रमा सुधार ल्याउने प्रयास, उपयुक्त भाषिक चयन, तत्सम, तद्भव र आगन्तुक शव्दहरूको समुचित प्रयोग, पात्र अनुकुलको सामान्य बोलचालको स्वभाविक कथ्य एवम् गद्यात्मक भाषाशैलीको प्रयोगले नाटकलाई सम्प्रेषणीय तुल्याउको र नाटक उत्कृष्ट र प्रभावकारी बनेको निष्कर्ष निकालिएको छ ।

पन्थी (२०६२) द्वारा नेपाली शिक्षा विभाग सुकुना बहुमुखी क्यामपस, मोरङबाट **'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) 'बसाइँ' उपन्यासको कथानक विश्लेषण गर्नु, (ख) 'बसाइ' उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, (ग) चयन, विचलन र समानानन्तरताका आधारमा 'बसाइँ' उपन्यासको भाषिक विश्लेषण गर्नु रहेको छ । उक्त शीर्षकमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । 'बसाइँ' उपन्यासलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ भने विभिन्न साहित्यकारहरूको लेख, रचना र शोधपत्रलाई द्धितियक स्रोतको रूपमा लिइएको छ ।

प्रस्तुत 'बसाइँ' उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । समाजमा रहेको रूढीवादी परम्परा, शोषण, दमन र उत्पीडन जस्ता पक्षको चित्रण गरिएको उक्त उपन्यासले समाजमा रहेको विकृति विसङ्गतिहरूको अन्त्य गरी समुन्नत समाजको निर्माण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । सरल, सहज भाषाशैलीको प्रयोग तथा पात्र अनुकुल भाषिक प्रयोग गरिएकाले उपन्यास उत्कृष्ट भएको निष्कर्ष 'बसाइँ' उपन्यासबाट निकालिएको छ ।

बिमली (२०६६) द्वारा नेपाली शिक्षा विभाग सुकुना क्यामपस, मोरङबाट **'समानान्तर आकाश' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको पाइन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) कथानकका आधारमा 'समानान्तर आकाश' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा 'समानान्तर आकाश' उपन्यासको विश्लेषण गर्नु, (ग चयनका आधारमा 'समानान्तर आकाश' उपन्यासको विश्लेषण गर्नु, (घ) विचलन र समानान्तरताका आधारमा 'समानान्तर आकाश' उपन्यासको विश्लेषण गर्नु रहेको छ । उक्त शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतका रूपमा 'समानान्तर आकाश' उपन्यास र द्वितियक स्रोतका रूपमा अन्य पुस्तक तथा शोधपत्रहरूलाई लिइएको छ ।

'समानान्तर आकाश' उपन्यासमा महिलाले यथास्थितिको विरोध गर्नु सक्नुपर्ने, महिला, पुरूष बीचको भेदभाव हटेर लैङ्गिक समानता कायम हुनुपर्ने कुरालाई उपन्यासको मुख्य विषयवस्तु बनाएको तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दको समुचित प्रयोग भएको र उखान-टुक्का तथा लोकोक्ति आदिका प्रयोगले उपन्यासको भाषा उत्कृष्ट बनेको निष्कर्ष 'समानान्तर आकाश' उपन्यासको अध्ययनबाट निकालिएको छ ।

रेग्मी (२०७२) द्वारा नेपाली शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पस मोरङग अन्तरर्गत **'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरिएको देखिन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) कथानकका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा विभाजित समय उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (घ) विचलनका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (ङ) समानान्तरताका अधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु रहेको छ ।

प्रस्तुत 'विभाजित समय' उपन्यासमा समाजमा घटेका घटनाहरूको यर्थाथ रूपमा प्रस्तुत गरिएको छ । विभाजित शब्दले विभक्त वा बाडिएको र समय शब्दले बेला वा अवसरलाई बुझाएको छ । सिङ्गो मानव जीवन विभिन्न समयमा विभाजित भई अघि बढ्ने तथ्य अघि सारिएको छ । समय सधै एकैनास नहुने र सबैका लागि पनि एकनास नरहने अर्थात सधै सबैका लागि अवसरहरू एकै ढङ्बाट प्राप्त नहुने कुरालाई विषय बनाइएकाले यस उपन्यासको शीर्षक औचित्यपूर्ण, उपयुक्त र सार्थक भन्न सकिन्छ ।

ढकाल (२०६८) द्वारा नेपाली शिक्षा विभाग सकुना बहुमुखी क्यामपस, मोरङग अन्तर्गत **'चम्पा' उपन्यासको शेलिवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरिएको देखिन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) 'चम्पा' उपन्यासको कथानकको शैलीवैज्ञानिक आधारमा विश्लेषण गर्नु, (ख) 'चम्पा' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, (ग) चयन, विचलन र समानान्तरताका आधारमा 'चम्पा' उपन्यासको भाषिक विश्लेषण गर्नु रहेको छ । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतका रूपमा 'चम्पा' उपन्यास र द्धितियक स्रोतका रूपमा अन्य पुस्तक तथा शोधपत्रहरूलाई लिइएको छ ।

प्रस्तुत 'चम्पा' उपन्यासका उपन्यासकारले मूल प्रवृति अनुकुल उपन्यास स्वछन्दतावादी भावधाराको उत्कृष्ट कृति बन्न पुगेको छ । यसमा समाजमा घट्ने यर्थाथ घटना र पात्रहरूको संयोजन गरिएको हुनाले यसलाई सामाजिक यर्थाथवादी उपन्यास भन्नु पर्छ । १२ वर्षकी अवोध बालिका विवाहित भएर पराइ घरमा अनेक बुहार्तन खेप्न विवश हुनु परेको र अन्त्यमा पति द्धारा परित्युक्त भई माइतीको शरणमा जान बाध्य हुनु परेको कारूणिक कथानक यसमा प्रस्तुत भएको छ । रेखीय ढाँचामा प्रस्तुत उक्त उपन्यासमा तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको सन्तुलित मात्रामा प्रयोग गरिएको छ । झर्रा तथा अनुकरणात्मक शब्दको चयनले उपन्यासको भाषामा रोचकता थपिएको छ भने बिम्ब प्रतीको प्रयोगले भाषा आलङ्कारिक र उत्कृष्ट बनेको निष्कर्ष 'चम्पा' उपन्यासको अध्ययनबाट निकालिएको छ ।

अधिकारी (२०७१) द्वारा नेपाली शिक्षाविभाग जनता बहुमुखी क्याम्पस इटहरी अन्तर्गत **'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरिएको देखिन्छ । यस अध्ययनको उद्देश्यहरू (क) कथानकका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका

आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु (घ) विचलन र समानन्तरताका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु रहेको छ । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत अपन्यासमा एक्सप्रेस गतिमा युवाहरू विदेशिने प्रवितिलाई देखाइएको छ । विदेशमा गएर भोग्नुपरेको अनेक दुःख, हण्डर, पीडालाई द्वन्दकालमा आम नेपालीले भोगेका दुःख त्यसैगरी कुनै घरमा भएका कहाली लाग्दा दुःखद घटनाको प्रस्तुति पनि यस उपन्यासमा पाइन्छ । उक्त उपन्यासमा उखान-टुक्काको, तत्सम, तद्भव शब्दहरूको समुचित प्रयोग भएका कारण उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ ।

भुर्तेल(२०७२) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी अन्तर्गत **'सेतो धर्ती' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको पाइन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) कथानकको आधारमा 'सेतो धर्ती' उपन्यासको विश्लेषण गर्नु, (ख) फ्रेटागको पिरामिडका आधारमा 'सेतो धर्ती' उपन्यासको कथानकको विकासक्रमको विश्लेषण गर्नु, (ग) 'सेतो धर्ती' उपन्यासमा रहेको भाषिक विशिष्टताको विश्लेषण गर्नु रहेको छ । पुस्तकालयीय विधिको प्रयोग गरी यो अध्ययन तयार पारिएको छ । तथ्याङ् सङकलनका लागि प्राथमिक स्रोतका रूपमा 'सेतो धर्ती' उपन्यासलाई लिइएको छ र द्धितियक स्रोतका रूपमा विभिन्न शोधपत्रहरू तथा साहित्यकारका कृतिहरूलाई लिइएको पाइन्छ ।

संस्मरणात्मक शैलीमा लेखिएको यस 'सेतो धर्ती' उपन्यासमा वाल्यअवस्थामा नै विवाह गरिदिए स्वर्गको बाटो खुल्छ भन्ने सोच तथा दुई छोरीको एक लगनमा सानैमा कन्यादान गरे छोरा जन्मन्छ र जन्मेका छोरा पनि बाच्छन् भने पुरानो मानसिकताले गर्दा छोरीहरूले बाल्यवस्थामा नै विधवा भएर धेरै कष्टपुर्ण जिवन व्यतित गर्नुपरेको कुरालाई प्रस्तुत गर्दै बाल विवाह जस्तो जघन्य अपराध गर्नु हुदैन भन्ने आम जनतालाई सुशिक्षा दिन यो कृति उत्कृष्ट भएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

भुजेल(२०७२) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी अन्तर्गत **'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य भएको छ । यस अध्ययनको उद्देश्यहरूमा (क)कथानकका आधारमा 'लु' उपन्यसको कथावस्तुको सार उल्लेख गर्नु, (ख) शैलीवैज्ञानिक अधारमा 'लु' उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु रहेको थियो । प्रस्तुत शोधकार्यमा

पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । सहायक सामग्रीका रूपमा विभिन्न शोधपत्र र अन्य शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित लेख रचनको प्रयोग गरिएको पाइन्छ ।

प्रस्तुत 'लु' उपन्यासमा सङ्क्रमणकालिन नेपाली समाजको वस्तुगत अवस्थाको मनेविज्ञान र कार्यव्यापारलाई वस्तुगत अवस्थाको यथार्थ चित्रण गरेका छन् । उक्त उपन्यासमा प्रयुक्त पात्रहरू मार्फत नेपालको दक्षिणि तराइँ प्रदेशको सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको दुःख, पीडनलाई उजागर गरी त्यहाँका बासिन्दाहरूको भारतीय प्रहरीबाट पीडित हुनु परेको कारूणिक अवस्था भित्र प्रकृतिले पनि साथ नदिएको दर्दनाक अवस्थाको पनि चित्रण गरिएकोले 'लु' उपन्यास उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।

नेपाल (२०६३) द्वारा नेपाली शिक्षा विभाग त्रि.वि.कीर्तिपुर अन्तर्गत **'लङ्गडाको साथी'उपन्यासको शैलीविज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य गरिएको छ । यस शोधकार्यको उद्देश्हरूमा (क) 'लङ्गडाको साथी' उपन्यासको विश्लेषण गर्नु, (ख) 'लङ्गडाको साथी' उपन्यासक भित्र चरित्रलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, (ग) भाषाका आधारमा 'लङ्गडाको साथी' उपन्यासको विश्लेषण गर्नु, (घ) माथिका तिन अधारबाट निस्किएका परिणामका आधारमा उपन्यासको मुल्य निरूपण गर्नु रहेको छ । उक्त उपन्यासमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलनका लागि प्राथमिक स्रोतका रूपमा 'लङ्गडाको साथी' उपन्यासलाइ लिइएको छ भने द्धितियक स्रोतका रूपमा विभिन्न शोधपत्रहरूलाई लिइएको छ । प्रस्तुत अभ्यासमा लङ्गडाको कारूणिक जीवन कथालाई चित्रण गरिएको छ । प्रस्तुत उपन्यास सामाजिक यथार्थको धरातलमा सिर्जिएको तथा अतियथार्थवादनलाई अंगालेको उत्कृष्ट उपन्यास हो । मानवले नै मानवीय मुल्य हराउदै गएकाले बरू पशु र मानवबीचको आत्मीयताको कारण लङ्गडाको मुल्य पश्चात कुकुरको भावविह्वलताले करूण रसको उदवोध गराएको छ । तत्सम, तद्भव, अनुकरणात्मक तथा आगन्तुक शब्दहरूको समुचित प्रयोगले उपन्यास सरल र उत्कृष्ट बनेको छ भने प्रस्तुत लङ्गडाको साथी उपन्यासबाट निष्कर्ष निकालिएको छ ।

सुवेदी(२०७३) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस,इटहरी अन्तगर्त **'दमिनी भीर' उपन्यासको शैलीवेज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरिएको देखिन्छ । यस अध्ययनको उद्देश्यहरू (क) 'दमिनी भीर' उपन्यासमा चयनको अध्ययन गर्नु, (ख)'दमिनी भीर' उपन्यासमा समान्ताको खोजी गर्नु (ग) 'दमिनी भीर' उपन्यासमा चरित्रको विश्लेषण गर्नु, (घ) 'दमिनी भीर' उपन्यासमा विचलनको अध्ययन गर्नु रहेको छ । उक्त शीर्षकमा शोधपत्र तयार

गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएका छन् 'दमिनी भीर' उपन्यासलाई उक्त शोधपत्रको प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

प्रस्तुत 'दमिनी भीर' उपन्यासमा सङ्क्रमणकालिन नेपाली समाजको वस्तुगत अवस्थाको मनोविज्ञान र कार्य व्यापारलाई नौलो शैली सहित यथार्थ चित्रण गरेको पाइन्छ । उक्त अध्ययनले वर्गीय द्वन्द्वलाई पनि मुख्य विषयमा बनाएको देखिन्छ । रैखिक ढाँचामा प्रस्तुत उपन्यासले समाज परिवर्तनका तरिकाहरू र वर्गीयताको विरूद्धमा आवाज उठाएको, जनताले आफ्नो अधिकारका लागि सङ्घर्ष गर्नु पर्ने कुरालाई जोड दिएको छ । उक्त अध्ययनमा उखान-टुक्काको, तत्सम, तत्भाव शब्दहरूको प्रयोग एवम् आन्तरिक र बाह्य समानान्तरताका समुचित प्रयोग भएका उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन


कुनै पनि विषय क्षेत्रमा गरिएको पूर्व अध्ययन अनुसन्धान एवम् विश्लेषणबाट निस्केका निष्कर्षले शोधार्थीहरुलाई आफ्नो शीर्षकका सम्बन्धमा थप ज्ञान प्राप्त गर्न सहयोग पुग्दछ । प्रस्तुत शोधकार्य 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीज्ञानिक विश्लेषण एवम् अध्ययन भएकाले माथि उल्लिखित पूर्वकार्यको समीक्षालाई उपयोग गरिएको छ । यसरी त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत भए/गरेका शैलीवैज्ञानिक अध्ययनले प्रस्तुत अध्ययनलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सम्पन्न गराउन उपयुक्त मार्ग दर्शनको भूमिका हुने कुरामा दुई मत नहोला ।

प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन गर्दा प्रारुप निर्माणका लागि लोकेन्द्र सुवेदीको 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन(२०७३) को सहयोग लिइएको छ । सामग्री सङ्कलनका लागि राधिका भूर्तेलको 'सेतो धर्ता' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (२०७२) को सहयोग लिइएको छ । त्यस्तै सामग्रीको विश्लेषणका लागि छविलाल नेपालको 'लङ्गडाको साथी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (२०६३) को सहयोग लिइएको छ । तालिका निर्माणका लागि जमुना अर्यालको 'कोही किन बरबाद होस्' नाटकको शैलीवैज्ञानिक अध्ययन (२०६४) को सहयोग लिइएको छ । त्यसैगरी विभिन्न शोधार्थीहरुको शोधकार्यको सहयोगबाट 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययनको निर्माण गरिएको छ ।

विभिन्न खण्डकाव्य, कथा, गीतिनाटक उपन्यास आदी विधाहरुको समय समयमा शैलीवैज्ञानिक अध्ययन अनुसन्धान भएता पनि आत्मसंस्मरणमा भने अन्य क्षेत्रका तुलनामा कम मात्रामा अध्ययन भएको पाइन्छ । तसर्थ हरिवंश आचार्यद्धारा लिखित 'चिना हराएको मान्छे' आत्मसंस्मरणको कोही कसैबाट शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण नगरिएकाले यो प्रथम, मौलिक तथा नितान्त नयाँ अध्ययन हुने भएकाले यस अध्ययनको उपयोगिता स्वत : सिद्ध हुन्छ ।

## २.३ सैद्धान्तिक संरचना

साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गर्ने हुदाँ यो भाषाविज्ञानसँग सम्बन्ध छ । सैद्धान्तिक रूपमा शैलीविज्ञानको सम्बन्ध साहित्यशास्त्रसँग भएता पनि यसको मुल प्रवृति चाहिँ भाषावैज्ञानिक छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कला अन्तगर्त यसले प्रत्येक कृतिलाई एउटा भाषिक प्रतिक ठान्दछ । प्रतिक झै मानिएको प्रत्येक साहित्यको कृतिका दुवै पक्ष हुन्छन् अभिब्यक्ति र कथ्य । अभिव्यक्ति कृतिको बाह्य पक्ष (रूप) सँग र कथ्य आन्तरिक पक्ष (अर्थ र सन्दर्भ) सँग सम्बन्ध हुन्छ । शैलीविज्ञान सैद्धान्तिक आधारमा केन्द्रित भई मुलतः विषयवस्तुको विश्लेषण, विषयवस्तुमा पाइने भाषिक विशिष्टता, फ्रेटागको पिरामिड अनुसार विकासक्रम यस आत्मसंस्मरणमा पाइने नवीन प्रयोग जस्ता तत्वमा केन्द्रित गरिएको छ । यो गुणात्मक अध्ययन हो । फ्रेटागको पिरामिड अनुसार आत्मसंस्मरण लाई ५ चरणमा विभाजन गरिएको छ । जुन फ्रेटागको पिरामिडलाई निम्न अनुसार देखाउन सकिन्छ




(शर्मा,२०४८:१७१)

फ्रेटागको पिरामिड प्रस्तुत गरिएका आत्मसंस्मरणको विषयवस्तुले विकासक्रमका अवस्थालाई निम्नअनुसार चिनाउन सकिन्छ :

१. **चिनारी :-** यस भागमा कुनै पनि भित्रका प्रमुख पात्रहरूको परिचय दिएको हुन्छ ।यसै भागमा कुनै कृति भित्र हुने विभिन्न उतार चढावहरूको पुर्व संकेत पाइन्छ । यस भागमा प्रमुख समस्या र परिस्थितिका बारेमा जानकारी दिएको हुन्छ ।

२. **सङ्घर्ष विकास :-** यो विकासको दोस्रो अबस्था हो । यस अबस्थामा कुनै आकस्मिक परिस्थिति वा घटना विशेषको कारण पात्रका सामु समस्या उत्पन्न हुन्छ र पात्रहरू त्यस समस्यासँग जुध्न थाल्छन् । यसरी सङ्घर्षको आरम्भ हुने यस अबस्थालाई सङ्घर्ष विकास वा प्रथम सङ्कटावस्था भनिन्छ ।

३. **चरम :-** यो विकासको तेस्रो अवस्था हो । विकासको यस अवस्थालाई सर्वाधिक महत्वपुर्ण अवस्थाको रूपमा लिइन्छ । यस अवस्थामा पात्रहरूको द्वन्द्धको स्थिति चरम सीमामा पग्दछ । घटनावली पनि सर्वाधिक उच्च विन्दुमा पुग्दछ ।

४. **सङ्घर्षह्रास :-** यस अवस्थामा आइपुग्दा घटनाहरू क्रमश : कम हुदै जान्छन् । पात्रहरूका वीचमा द्वन्दको स्थिति पनि क्रमश कम हुदै जान्छ । घटना तथा उपघटनाहरू निश्चित विन्दुमा पुग्न थाल्छन् । द्वन्द्ध र क्रियाको शृङ्खला पनि कमजोर हुदै शिथिलताको स्थितिमा पुग्दछ ।

५. **उपसंहार :-** विकासक्रमको अन्तिम अवस्था भनेको नै उपसंहार हो । यस अवस्थामा सङ्घर्ष वा द्वन्द्धको स्थिति रहदैन । पात्रहरूले आफ्नो कार्य अनुसारको फल पाउदछन् र समस्याको समाधान भई कथानकको अन्त्य हुने गर्दछ यही अवस्था नै उपसंहार हो ।

### २.३.१ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया

कुनै पनि कृतिको शैलीवैज्ञानिक विवेचना गर्नका लागि यसका सैद्धान्तिक आधारहरू महत्वपुर्ण पक्षहरू हुन्छन । यिनै सैद्धान्तिक आधारहरू अर्थात प्रविधिगत ढाँचाका सहयताले कृतिको व्यवस्थित क्रमिक र वस्तुतिष्ठ विवेचना गर्न सकिन्छ । कृति विश्लेषणका खातिर मुलतः शैली विश्लेषका वैज्ञानिक अधारहरूमा सुस्पष्ट हुनु पर्दछ । कृतिको भाषागत अध्ययन नै शैलीविज्ञानको महत्वपुर्ण क्षेत्र हो । यसर्थ विश्लेषकले शैलीवैज्ञानिक सैद्धान्तिक आधारहरूको गहिरो ज्ञान राख्न जरूरी छ । यस बाहेक विश्लेषकले कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नका लागि ध्यान दिनुपर्ने अन्य महत्वपुर्ण पक्षहरू पनि छन् । यी पक्षहरूलाई शैलीवैज्ञानिक अध्ययन विश्लेषणका आधारस्तम्भ मानिन्छ । ती आधारहरू निम्नअनुसार छन्:

(क) विश्लष्य कृतिको प्रकृति के-कस्तो छ ?


(ख) विश्लेषकको आफ्नो ज्ञान के कति छ ?

(ग) उसको आफ्नो क्षमता के-कति छ ?

(घ) उसको शक्ति र सीमा के हो ?

कुनै पनि कृतिको विश्लेषण गर्नका लागि माथि उल्लिखित कुराहरूको पर्याप्त ज्ञान हुनु आवश्यक छ । शैलीविज्ञानको सैद्धान्तिक ज्ञान, कृतिसंरचना, भाषा विज्ञान र सम्बन्धित भाषाको व्याकरणको पर्याप्त ज्ञान विश्लेषकमा नभई नहुने कुराहरू हुन । यसो भएमा मात्र कृतिको व्याख्या र विश्लेषण गर्न सकिन्छ ।

शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नका लागि सैद्धान्तिक पक्षलाई अँगाल्ने क्रममा पश्चिमी सैद्धान्तिक दृष्टि मात्र नभई पुर्वीय भाषिक सम्प्रदायका अलङ्कार, ध्वनी, रीति, गुण, औचित्य, वक्रोक्ति आदि विविध क्षेत्रबाट पनि शैलीवैज्ञानिक अध्ययन गर्न सकिन्छ ।
शैलीवैज्ञानिक समालोचना वा मुल्याङ्कनका निम्ति विश्लेषण निम्नलिखित प्रक्रियाबाट गर्छ :




(शर्मा, २०५९:६)

### २.३.१.१ सहित्यिक संरचना

जुनसुकै कृतिको पनि आफ्नै प्रकारको वनावट वा संरचना हुन्छ । संरचनाको अर्थ हो कुनै वस्तुमा पाइने साना घटकहरूको कुल योग भन्ने बुझिन्छ । ती साना घटकहरू आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । ती प्रत्येक घटनाहरू एक अर्कामा सम्बन्धित र क्रमवद्ध हुन्छन ।

भाषिक संरचना साहित्य सिर्जनाको आधार सामग्री हो भने साहित्यिक संरचना साहित्य निर्माण हो । साहित्यिक संरचनाका भित्र निम्न दुई तह रहेका हुन्छन् :

क) **बनोट :-** कृतिको संरचनामा रहेका स-साना घटकहरूको समग्रः योगलाई बनोट भनिन्छ । कृतिको बाह्य आधार तथा कृतिमा समावेश हुने अङ्क, दृश्य, संवाद, भाग, परिच्छेद, सर्ग, पङ्ति, अनुच्छेद आदि लघु घटकहरूको सिङगो रूप नै बनोट हो । शैली विज्ञानले यिनै साना घटकहरूको वर्णन विश्लेषण गरेर अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्छ । साहित्यिक कृति भ्वाट हेर्दा देखिने स्वरूप नै बनोट हो ।

ख) **बुनोट** :-बुनोट चाहिँ बनोटको पर्याय धारमा पाइने लघुघटकहरूको आफ्नो कार्य हो र एउटा घटकको अर्काको घटकसँग सम्बन्ध पनि हो (शर्मा,२०५९:७) । कृतिमा हुने लघुघटकहरूको कार्य नै बुनोट हो । यसमा एउटा घटकको अर्को घटकसँग सम्बन्ध रहेको हुन्छ । कथ्यको रूपगत पक्ष जस्तै : छन्द्ध, अलङ्कार, बिम्ब, प्रतिक, कथानक, चरित्र, कथन, घटना संयोजन आदिको विश्लषण गरेर शैलीविज्ञानले बुनोटको विवेचना गर्दछ । यो कृतिको आन्तरिक तह हो ।

### २.३.१.२ भाषिक संरचना

भाषा विचार विनिमयको आधार स्रोत हो । अझ भन्ने हो भने भाषा विना कुनै पनि साहित्य कृतिको लेखनी असम्भव नै हुने गर्दछ । विभिन्न प्रकारका भाषाका आ-आफ्नो संरचना हुने गर्दछ । भाषालाई कृतिको आधार सामाग्रीको रूपमा लिइन्छ । कृति सिर्जनाको माध्यम भाषा हो । हरेक साना एकाइहरूले माथिल्ला एकाइहरूको निर्माण गर्दछन् । भाषाका यिनै साना एकाइहरूबाट माथिल्ला एकाइहरू निर्माण हुदै भाषिक अभिव्यक्ति प्रकट हुने गर्दछ । भाषा संरचनामा भाषाका ध्वनि ब्यवस्था, वर्ण व्यवस्था, रूप व्यवस्था, सङ्कथन सम्मका सबै तहहरू पर्दछन् । खासगरी भाषाका संरचक घटकहरूलाई निम्न ३ प्रकारबाट चिनाउन सकिन्छ ।

क) **व्याकरण व्यवस्था :-** भाषाको व्याकरण व्यवस्था सम्बन्धित भाषाको उपल्लो तह हो । यसमा रूपविज्ञान र वाक्य विज्ञानका प्रक्रियाको व्याख्या गरिएको हुन्छ । कुनै कृतिको शैलीविश्लेषण गर्न भाषाको स्वरूपको साथै वाक्यगत संरचनाको पनि विश्लेषण गर्ने गरिन्छ ।

ख) **शब्द व्यवस्था :-** व्याकरण व्यवस्था भन्दा तल्लो भाषिक तह शब्दव्यवस्था हो । शब्दले भाषा संरचनामा अर्थसँग सोझो सम्बन्ध राख्दछ । यो ध्वनि व्यवस्था भन्दा तल्लो र व्याकरण व्यवस्था भन्दा माथिल्लो तह हो ।

**ग) ध्वनि व्यवस्था :-** ध्वनि व्यवस्था भाषाको न्युनतम एकाई हो । यस व्यवस्था अन्तगर्त खण्डीय र खण्डेतर ध्वनिहरू पर्दछन् । स्वर र व्यञ्जन ध्वनिहरू खण्डीय हुन् भने अनुनासिकता, श्वसन, आघात, लय, मात्रा, तान आदि खण्डेतर ध्वनिहरू हुन् । ध्वनि भाषाको व्यवस्थागत उद्गम विन्दु भएकाले यो भाषिक संरचनाको आधरभुत एकाइ हो ।

**शैली**

भाषा संरचनाको उपयुक्त क्रम श्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रम श्रेणी बन्न पुग्दछ । यस रूपान्तरणलाई विशिष्ट तर अमुर्त प्रक्रिया भनिन्छ । शैलीले एकातिर भाषिक सामग्रीलाई सुक्ष्म रूपमा केलाउँछ भने अर्कातिर कृतिगत सम्बन्धलाई पनि नियाल्ने गर्दछ भन्नुको तात्पर्य के हो भने शैलीको सम्बन्ध भाषारूपी कच्चा पदार्थ र कृतिरूपी तयारी वस्तु दुवैसँग हुन्छ । शैली भाषिक संरचना र साहित्यिक संरचनाको बीचमा पदर्छ । शैलीको सम्बन्ध साहित्यिक कृतिको संरचना र भाषिक संरचनासँग हुन्छ । त्यसैले शैलीलाई मध्यवर्ती मानिन्छ । शैली अन्तरगर्त निम्नलिखित पक्षहरू पर्दछन् ।

**क) चयन :-** चयन भनेको छनोट हो । लेखक वा, कृतिकारसँग भएका अनेक शब्दभण्डारबाट उपयुक्त प्रकारको शब्द छनोट नै चयन हो । कृतिगत शैलीको पहिचान गरेर त्यसको आधारमा कृतिको मुल्याङकन गर्न चयनले सहयोग पुर्याउँछ । व्यक्ति आफ्नो शब्दभण्डारबाट विचार गरेर मात्र खास शब्दको प्रयोग गर्दछ । जस्तै : अक्षी, चक्षु, नयन, लोचन आदि आखो शब्दका पर्याय हुन् । ती विकल्प मध्ये खास शब्दलाई सर्जकले छनोट गर्ने कार्यलाई चयन भनिन्छ । चयनको मुख्य उद्देश्य कृति भित्र नवीनता तथा सौन्दर्य सिर्जना गर्ने हो ।

**ख) अग्रभूमि निर्माण :-** रचनाकारले आफ्नो अभिव्यक्तिलाई स्पष्ट र आकर्षक बनाउनका लागि खास ध्वनि, शब्द, पदावली वा वाक्यलाई विशेष जोड दिइ अगाडि सार्नु नै अग्रभूमि निर्माण हो । कृति विश्लेषणको लागी शैलीविज्ञानका क्षेत्रमा अग्रभूमि निर्माण सम्बन्धि धारणाको प्रवर्तन सन् १९३० मा ज. मुकारोभ्स्कीले गरेका हुन् । रचनाको कुनै भागलाई विशिष्ट तुल्याउन त्यो भागमा विशेष बल दिनु नै अग्रभूमि निमार्ण हो (शर्मा, २०५९:८) । यस माध्यमले भाषिक अभिव्यक्ति सार्थक, सौन्दर्यपूर्ण, आकर्षक र आलङकारिक बन्छ । रूढ भएका भाषिक एकाइलाई नवीनता प्रदान गदै अगाडि सार्नु अग्रभूमि निर्माण हो । साहित्यको रचनामा अग्रभूमि निर्माणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । तसर्थ साहित्यिक कृतिको विश्लेषण निम्न बमोजिम दुई तरिकाबाट गरिन्छ ।

अ) **समानान्तरता :-** भाषा प्रयोगमा नियमित पुनरावृतिलाई समानान्तरता भनिन्छ (शर्मा, २०५९:८) । कृतिमा छन्द र अलङ्कारको प्रयोगमा समानान्तरताको उपयोग भएको देखिन्छ । पुनरावृत्तिको अर्थ नियमितता हुनु हो जहाँ छन्द, अलङ्कार, लय, तुक, अक्षर शब्द, रूपिम, वाक्य, अर्थ आदि सम्पुर्ण प्रकारका भाषिक तहहरू पर्दछन् । समानान्तरतालाई दुई भेद गर्न सकिन्छ ।

क) **बाह्य समानान्तरता :-** यो भाषाको ध्वनि, वर्ण, रूप, शब्द, पदावलि आदि बाह्य स्वरूपको पुनरावृत्तिभएर देखा पर्दछ । यो प्रयोगले कृतिभित्र आलङ्कारिता थपिनुका साथै आकर्षणका भावहरू पनि छरिएका हुन्छन् । यो भाषिक संरचनाको स्तरमा प्रकट हुन्छ । जस्तै :- 'चुत्यो चोरले चार पैसा चोर्छ' ।

यस वाक्यमा 'च' को आवृति देखिन्छ । यस्तै गरी अर्को उदाहरण हेरौ :

आइ कैल्यै नसकिने चैत वैशाख मेरा,

लाइ कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा ।

यस श्लोकमा पनि ध्वनी/वर्ण स्तर देखि शब्द वा रूप स्तर सम्मको आवृति पाइन्छ ।

ख) **आन्तरिक समानान्तरता :-** यो कृतिको अर्थगत तहमा अभिव्यक्ति भएको हुन्छ । भाग वा अर्थको पुनरावृतिलाई आन्तरिक समानान्तरता भनिन्छ । (शर्मा, २०४८:८) । आन्तरिक समानान्तरताले अमुर्त अथवा अर्थ पक्षसँगको पुनरावृतिलाई सङ्केत गर्दछ । जस्तै : 'जुनले मन तान्छ, त्यसैलाई हेरिरहुँ जस्तो लाग्छ' । यस अभिब्यक्तिमा 'मन' तान्नु र 'हेरिरहुँ जस्तो लाग्नु' भन्ने दुइवटा कुराले एउकटै अभिप्रायलाई प्रस्तुत गरेका छन्. । जस्तो हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ ।

(आ) **विचलन/विपथन :-** प्रचलित र परम्परित अक्तिक्रमणलाई विचलन भनिन्छ । प्रचलित भाषिक कुरा हटी अप्रचलित अमानक कुरा प्रयोगमा ल्याउने कार्यलाइ विचलन भनिन्छ । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०४८:८) । विचलनसाहित्यिक कृतिमा आकर्षक र सार्थक सन्दर्भमाप्रयोग भएको हुनुपर्दछ । यो समानान्तरताको विपरित तत्व हो । यसमा भाषाको मानक रूपलाई तोडमोड वा उल्टोपाल्टो पारी प्रयोग गरिन्छ । साहित्यिक कृतिमा विभिन्न किसिमका विचलन देखिन्छन् । जुन निम्न प्रकारका छन् :

क) **कोशीय विचलन :** -आफ्नो अभिव्यक्तिलाई मिठासपुर्ण प्रदान गर्न शब्दकोशमा समाविष्ट भएको शब्द बाहेक अन्य शब्द प्रयोग गर्नुलाई कोशीय विचलन भनिन्छ । यस्ता शब्दहरूको उपस्थापनले अभिव्यक्तिमा तिख्खारता सिर्जना गर्ने कार्य गर्दछ । जस्तै

उक्तसन, नक्तसन, गुन्द्रिलो, मन्द्रिलो, युरेसिया यस्ता शब्दहरूले कोशीय विचलनलाई देखाउँछन् ।

ख) **व्याकरणिक विचलन :-** विभिन्न भाषाका आ-आफ्नै व्याकरण व्यवस्था हुने गर्दछ । भाषालाई व्यवस्थित गर्ने कार्य त्यस भाषाको व्याकरणका नियमले गरेको हुन्छ । भाषिक नियमका विपरीत देखा पर्नेभाषालाई विचलनयुक्त भाषा भनिन्छ । लिङ्ग, वचन, पुरूष, काल, भाव, वाच्य, पक्ष जस्ता व्याकरणिक व्यवस्था माथि अक्तिक्रमण गरी नयाँ स्वरूप र संरचनामा ढाल्ने प्रक्रिया व्याकरणिक विचलन हो । जस्तै :-

– उनीहरू/ऊहरू आयो । (वचनविचलन)

–केटी जान्छ जस्तो लाग्दैन भन्या । (लिङ्गगत विचलन)

– काम्यो लुगलुग त्यो गरिब बिचरा त्यसमा दया गर्छ को ? (पदक्रमगत विचलन)

ग) **ध्वनि वा वर्णगत विचलन :-** भाषिक उच्चारणका क्रममा देखा पर्ने विचलनलाई ध्वनि विचलन भनिन्छ । भाषिक शब्दको मानक स्वरूप भन्दा भिन्न कथ्य रूपले स्थानिय रूपसँग नजिक भई उच्चरण हुनु ध्वनि विचलन हो । साहित्यकारले भाषिक अभिव्यक्तिलाई जीवन्त पार्नका लागि भाषाको मानक रूपमा मात्र सीमित नरही विभिन्न कथ्य रूपको प्रयोग आफनो कृतिमा गर्दछ । यसले गर्दा भाषिक अभिव्यक्ति आकर्षक र प्रभावकारी बन्न जान्छ । जस्तै :

'कहिले आउनुभो म्याडम !'

माथि डारामा घाम डुब्यो ।

घ) **लेख्य प्रक्रियागत विचलन** :- लेखन प्रक्रियाको निश्चित पक्रियालाई तलमाथि पारेर वा अतिक्रमण गरेर लेखिएको साहित्यिक कृति लेख्य प्रक्रियागत विचलन युक्त कृति हो । जस्तै :

सुन्दर

देश

– हाम्रो नेपाल नेपाल शान्त छ ।

–आजको ताजा खबर ।

ङ) **अर्थगत विचलन :-** अर्थको सन्दर्भमा देखापर्ने विचलनलाई यस अन्तर्गत राखिन्छ । साहित्यमा अर्थगत विचलनले सौन्दर्यता र प्रभावोत्तेजन र प्रस्तुत गर्नुका साथै अनौठो सौन्दर्य झल्काउने पनि हुन्छ । जस्तै :

– रातभरी मनमा हुरी वतास चलिरहयो ।

– आफनो मेहनतमा फूल फूलेको देखि म र्हष विभोर भए ।

**च) भाषिका विचलन :-** मानक वा स्तरीय भाषिकाका बीचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो । यस्तो विचलनले स्थानिय क्षेत्र, ढङ्ग, ढाँचा र परिवेशीय स्थिति उजागर गर्ने उल्लेख्य भुमिका निर्वाह गर्दछ । जस्तै :

| भषिका | भाषा |
|---|---|
| दुध | ओलन |
| ड्राइभर | गुरजी |
| बेलौती | अम्बा |

**छ) प्रयुक्तिगत विचलन :-** एउटा परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नुपर्ने भाषिक सन्दर्भलाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । जस्तै :- जङ्गलबासी भयङ्कर डाँकाहरू शीत ऋतुमा किरातहरूको संहार गर्दछन् ।

**ज) विविधता :-** कुनै पनि रचनामा खास विषय र प्रसङ्ग अनुसार फरक-फरक भाषाको प्रयोग हुन्छ भने ती विषयमा भिन्नता र नवीनपन ल्याउने गर्दछ । यस्तै विषयगत र वैयक्तिक भिन्नता देखिने भाषिक भेदलाई नै विविधता भनिन्छ । विषय र प्रयोगकर्ता अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदलाई विविधता भनिन्छ । (शर्मा, २०५९:८) । कृतिकारले आफ्ने कृतिमा प्रभावकारी र आकर्षित वनाउनका लागि अन्य विभिन्न खाले उपकरण्को प्रयोग गर्दछ । कृतिमा देखा पर्ने यस्ता प्रकारका विभेदहरूले नवीनता थप्दछ ।

माथि चर्चा गरिएका सैद्धान्तिक आधारहरू मध्ये फ्रेटागको पिरामिड अनुसार विषयवस्तुको विश्लेषण गरिएको छ । त्यसैगरी 'चिना हराएको मान्छे' आत्मसंस्मरणको चयन, विचलन र समानान्तरताका आधारमा उक्त कृतिको भाषिक विश्लेषण गरिएको छ ।

# अध्याय :तीन

# अध्ययनको प्रक्रिया र विधि

## ३.१ अध्ययनको संरचना

शैलीविज्ञान सैद्धान्तिक आधारमा गरिने एक वैज्ञानिक अध्ययन हो । कुनै पनि अनुसन्धान पूर्ण गर्न वा अनुसन्धान सम्पन्न गरी निष्कर्ष निकाल्न खास किसिमको ढाँचा तथा विधि र तरिकाहरू अपनाउनु पर्ने कुरा सर्वस्वीकार्य नै छ । यसरी अनुसन्धान वा अध्यय गर्ने तौरतरिकालाई अनुसन्धान ढाँचा वा विधि भनिन्छ । 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा पुस्तकालयीय विधि र वर्णनात्मक विधिको उपयोग गरिएको छ । यसैगरि पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी शीर्षकसँग मिल्दा जुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । आत्मसंस्मरण भित्रको विषयवस्तुलाई फ्रेटागको पिरामिडको अधारमा ५ चरणमावर्गीकरण गरी देखाएको छ । विषयवस्तुलाई चयन, विचलन एवम् समानान्तरताका आधारमा उक्त आत्मसंस्मरणको विषयवस्तुलाई विश्लेषण गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययनकार्य चर्चित हास्य कलाकार हरिवंश आचार्यद्धारा लिखित पहिलो आत्मसंस्मरण 'चिना हराएको मान्छे'मा केन्द्रित रहनेछ । आत्मसंस्मरणमा प्रस्तुत भएका व्यक्तिहरूलाई यस कार्यको जनसंख्याको रूपमा उल्लेख गरिएको छ । नमूना छनोटको सन्दर्भमा पनि 'चिना हराएको मान्छे' नामक सिङ्गो आत्मसंस्मरणलाई नै नमूनाको रूपमा लिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

कुनै पनि अनुसन्धान सम्पन्न गर्नका लागि त्यससँग सम्बन्धित विभिन्न तथ्याङ्कहरू र महत्वपुर्ण सुचनाहरू संकलन गर्नुपर्ने हुन्छ । ती सुचना तथा तथ्यहरूको व्याख्या तथा विश्लेषण गरेर नै अनुसन्धानलाई निष्कर्षमा पुर्याउन सकिन्छ । यस शोध कार्यमा तथ्याङ्क संकलन गर्दा निम्न दुई स्रोतलाई मानिन्छ ।

**क) प्राथमिक स्रोत :-** यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा 'चिना हराएको मान्छे' आत्मसंस्मरणलाई लिइएको छ । त्यसैगरी आवश्यक परेमा सम्बन्धित कृतिका लेखक तथा समालोचकको समेत सल्लाह सुझावलाई आत्मसाथ गरिनेछ ।

**ख) द्वितीय स्रोत :-** यस अनुसन्धान कार्यमा द्वितीय स्रोतको रूपमा शैलीविज्ञान सम्बन्धित प्रकाशित पुस्तकहरू, अप्रकाशित अनुसन्धान प्रतिवेदनहरूलाई लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया :-

प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विभिन्न विधि प्रक्रियाहरू प्रयोग गरी तथ्याङ्क र सुचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्क वा सुचनाहरूको व्याख्या एवम् विश्लेषण गनुपर्दछ । तथ्याङकहरूको व्याख्या तथा विश्लेषणबाट नै शोधकार्यको उद्देश्य अनुरूप निष्कर्षमा पुग्न सकिन्छ । शोधकार्यको मुख्य कार्य पनि यही हो । यस अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइएको छ । त्यसैगरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । आत्मसंस्मरणमा प्रयुक्त भाषिक पक्षको विश्लेषण चयन, विचलन आधारमा गरिएको छ । निगमनात्मक विधिको प्रयोग गरी शोधपत्र लेखन तथा शोधपत्र लेखन कार्यलाई सम्पन्न गर्ने प्रयास गरिएको छ ।

# अध्याय- चार
# व्याख्या तथा विश्लेषण

## ४.१ 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन

'चिना हराएको मान्छे' आत्मसंस्मरणलाई अगाडि बढाउने क्रममा आत्मसंस्मरणकारले विभिन्न उपशीर्षकहरूमा बिभाजन गरेका छन् । यसमा लामा-छोटा गरी जम्मा ५३ वटा उपशीर्षकहरू र २९९ पृष्ठमा विस्तारित भएको पाइन्छ ।

नेपालको राजधानी काठमाडौं र त्यहाँको स्थानिय ठाँउ टङ्गाल गौरीधारमा बसोबास गर्ने हरिवंश आचार्य र उनको परिवार आफुले जीवनमा भोगेका भोगाइ, दुःख, कष्ट, राजनैतिक परिस्थिति, देश, विदेशको भ्रमण र आफ्नो श्रीमतीलाई गुमाउदाँको पीडालाई सरल भाषामा यस आत्मसंस्मरणमा लेखकले प्रस्तुत गरेका छन् ।

छोरो तोते बाउ थोते भन्ने उपशीर्षकबाट यस आत्मसंस्मरणको थालनी भएको छ । संस्मरणात्मक शैलीमा लेखिएको उक्त आत्मसंस्मरणमा लेखक 'म' आफु भएर छोरो भएर जन्मदा आफ्नी आमाविशिष्ट श्रेणीमा सुत्केरी परीक्षा पास भएको देखाएका छन् । हाम्रो समाज जतिपनि शिक्षित भएपनि जसलाई पनि छोरा चाहिने र छोराको महत्व हुने कुरा यस आत्मसंस्मरणमा लेखकले दर्शाएका छन् । आफ्नो बाको दुई ओटा श्रीमतीको मृत्यु भईसक्दा पनि तेस्रो श्रीमती ल्याएका र त्यस श्रीमतीबाट पनि छोरा नै चाहेका जसरी स्वस्थानि ब्रत कथामा सात वर्षकी गोमाको विवाह उनका सत्तरी वर्षका शिव शर्मा सँग गरिदन्छन् । त्यसरी नै लेखकको १३ वर्षे आमाको पनि विवाह वृद्ध भइसकेको उनको बाँ सँगभएको थियो । समय बितिरहेको थियो लेखकको बा बित्नुभयो अनि त्यसको केही समय पश्चात लेखकको आमा पनि बित्नुभयो । अब लेखक एक्लो हुनुभयो । समय सँग सगै लेखकको जिवन सङ्घर्ष मै वितिरहेको थियो । लेखक सानै देखिनै उटपट्याङ स्भावका थिए । प्रज्ञा भवनमा २०३४ सालको गाईजात्रा महोत्सव सुरू हुन लागेको थियो । 'आधुनिक श्राद्ध' नामक प्रहसनबाट लेखक प्रज्ञाभवनमा प्रवेश गर्नुभयो । प्रहसन तत्कालिन राजाको सामु प्रस्तुत गर्नु पर्ने थियो । त्यसबेला राजा भनेपछि देशका सबैभन्दा ठुला व्यक्ति मानिन्थ्यो । लेखकले प्रहसन प्रस्तुत गरे प्रहसन राम्रो भयो र सबैले तालि बजाए र गोल्डमेडल समेत पाए ।

न्यार इष्ट र बाउ दुष्ट कहिल्यै हुदैन यो उखान केही सङ्कुचित क्षेत्री बाहुनहरूले बनाएका हुन् । तर यस्ता उखानले लेखकलाई केही असर गरेन बरू नेवार जस्तो इष्ट उनको लागि कोही भएन लेखक हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठ धेरै वटा कार्यक्रममा एउटै मञ्चबाट तर अलग अलग प्रदर्शन पनि गरिसकेका थिए । २०३७ सालमा नेपाल राष्ट्र बैङ्कको रजत जयन्ती समारोहमा सांस्कृतिक कार्यक्रममा प्रर्दशन गर्ने क्रममा दुई जनाको छुट्टा -छुट्टै प्रहसन प्रस्तुत गर्ने समय नपुग्ने भएपछि दुवैजनाले मिलेर एउटा प्रहसन देखाउनुभयो । त्यो एक दिनको प्रहसनले लेखक हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ट आज 'मह' जोडी भनेर नाम कहलिन्छ । त्यस दिन देखिदुवै जनाले मिलेर हरेक ठाउँमा प्रहसन प्रस्तुत गर्न थाल्नुभयो । प्रज्ञाभवनमा हुने गाईजात्रा महोत्सवमा पनि दुवै जनाले सँगै मिलेर प्रहसन प्रस्तुत गर्नुभयो । दुवै जना मिलेर विभिन्न प्रहसनको क्यासेट पनि बजारमा ल्याउनुभयो । भन्छन नि जस्तो संगत गर्यो त्यस्तै भइन्छ भनेर लेखकको पनि त्यस्तै भयो लेखक अलि उदण्ड स्भावको व्यक्ति थिए तर मदनकृष्ण श्रेष्ठको सङ्गतले उदण्डता बिलाउदै गयो र उनी पनि सप्रिए ।

लेखकका दिनहरू त्यसरी नै प्रहसन प्रस्तुती गर्दा गदै दिन बित्दै थियो । पछि उनको भेट मीरासँग भयो । लेखक र मीरा एक अर्कालाई मन पराउन थाले विभिन्न बाधा अड्चनको बावजुत लेखकको मीरासँग विवाह भयो । समयको गतिसँगै लेखक र मीराको दुई वटा छोरा पनि भए । समय खुसी सँगै बितिरहेको थियो । मीरा विरामी भइन र उनको मुटुमा समस्या छ मुटुमा पेसमेकर जडान गर्नु पर्दछ भनेर डा. ले भनेपछि लेखकको मीरालाई भारतको दिल्लीमा लगेर पेसमेकर जडान गरेर ल्याए ।

देशको चर्को राजनैतिक अवस्थाको बावजुत पनि लेखकले यमलोक, अंशवण्डा, रद्दीका टोकरी, ककफाइट, प्यारालाइसिस, गीतैगित आदी प्रहसन रङ्गमञ्चमा मञ्चन गरेर क्यासेटको माध्यमबाट घरघरमा पुर्याएर पञ्चायती विरोधी आन्दोलनमा साथ दिन पाए । लेखक हरिवंश आर्चाय र मदनकृष्ण श्रेष्ठ दुवै जना मिलेर धरै प्रहसनहरू, धेरै टेली चलचित्रहरू रङ्गमञ्चमा ल्याएर सबै जनताको मन जिती सकेका थिए । २०४६ सालको आन्दोलन सुरू भएर उत्कर्षमा पुगिसकेको थियो । आन्दोलनमा जनताले धेरै दुःख, कठिनाइहरू पाए तापनि अन्ततः देशमा बहुदलीय व्यवस्था लागु भयो । २०४६ सालको आन्दोलन सफल भयो ।

दिनहरू बित्दै थिए लेखक कि श्रीमती मीरा बिरामी थिइन् । मीराको मुटुमा पेसमेकर (यन्त्र) जडान गरेको थियो । मीरा बिरामी भएकाले उनलाई अस्पताल लगियो र उनको

अस्पतालमै निधन भयो । आफ्नो प्राण भन्दा पनि बढी माया गरेकी आफनी श्रीमतीको निधन भएपछि लेखकको सर्वस्व नै गयो । उनको जिन्दगी नै अन्धकार भयो । मीराको शव अस्पतालबाट निकालेर फूलैफूलले सिँगारेको गाडिमा राखेर आर्यघाट लगियो । उनका दुई छोरा त्रीलोक र मोहित भएर मीरालाई दागबत्ती दिए । एकै छिनमा मीरा खरानी भइन् । आफ्नो श्रीमतीको बियोगमा लेखक पागल जस्तै भए । उनलाई दिन के हो ? रात के हो ? जस्तो लाग्न थाल्यो । सबैलाई हसाउने हास्यकलाकार लेखक अरूलाई हसाउने त कुरै छाडौ आफै हास्न छाडे । उनको दिन रात रोएर नै बित्न थाल्यो । लोग्ने मान्छेको श्रीमती बितेपछि घाटदेखी अर्को बिहे गर्ने कुरो चल्दो रहेछ लेखकको पनि चल्यो तर तेह्र दिन पछि मात्र चल्यो । बसुन्धरा भुषाल नेपाली चलचित्र जगतमा एक उत्कृष्ट कलाकार हुन । उनै बसुन्धरा भुषालले लेखक हरिवंश आचार्यलाई बिहे गर्न रमिला पाठकको हात मागिन । त्यसपछि लेखक हरिवंश आचार्य र रमिला पाठकको बिवाह भयो । लेखकले जीवनमा धेरै सङ्घर्षहरू गरे, धेरै दुःख पनि भोगे, धेरै सुखको पनि अनुभव गरे । सुख र दुःखको यो भोगाइमा दिनहरू जसोतसो वित्न थाल्यो । लेखकले मीराको मृत्यु पछि आफ्नो कार्यक्रमहरू केही पनि गरेका थिएनन् । कुनै हास्य टेलिश्रृङ्खलाहरू पनि दर्शक सामु ल्याएका थिएनन् । लेखकको रमिलासँगको बिहे पश्चात घरमा खुसिको माहोल छाएको थियो । त्यसबेला 'एन्टेना फाउन्डेसन' र 'सेभ द चिल्ड्रेन' भन्ने संस्थाले 'मैले जे भोगे' नामक टेलिभिजन कार्यक्रम गर्ने निर्णय भयो र त्यसमा प्रस्तोताको भुमिका लेखकले गरे । मैले जे भोगे कार्यक्रम कुनै पनि कलाकारले अभिनय गरेको जस्तो थिएन, वास्तविकतामा आधारित कार्यक्रम थियो । नेपालका विकट ठाँउमा भएका बालबालिकाहरूले भोगेका कथा ब्यथालाई टेलिभिजनमा देखाउनु पर्ने थियो । यो कार्यक्रम सुदुरपश्चिचका बालबालिकाहरूमा केन्द्रित भएर गरीयो । मैले जो भोगे कार्यक्रम गर्दा सुदुरपश्चिम जिल्लामा गएर त्याँहका मानिसहरूको दुःख देखेर लेखकलाई आफ्नो दुःख त केही हैन जस्तो लाग्यो । लेखकलाई आफ्नो देश नेपालमा नेपाली भएर जन्मेकोमा गर्व गरेका छन् । यसरी आत्मसंस्मरणको सुखद अन्त्य भएको छ ।

## ४.२ चयनका आधारमा 'चिना हराएको मान्छे' आत्मसंस्मरण्को विश्लेषण

### ४.२.१ शब्द चयनका आधारमा 'चिना हराएको मान्छे' आत्मसंस्मरण

भाषाको न्यूनतम सार्थक एकाइ शब्द हो । जुन भाषिक अभिव्यक्तिका लागि अतिनै आवश्यक मानिन्छ । साहित्यकारले आफ्नो सृजनामा उपयुक्त र प्रभावकारी शब्द चयन गर्ने कोसिस गरेका हुन्छन् । उनले रूचि अनुसार विकल्पनहरू मध्येबाट उपयुक्त शब्द छनोट गर्ने गर्दछन् । 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयोग गरिएका शब्द चयन प्रक्रियालाई यसरी उल्लेख गर्न सकिन्छ ।

१. **तत्सम शब्द चयन :-** संस्कृत भाषाबाट जस्ताको त्यस्तै अर्थात नफेरिकन नेपाली भाषामा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा कृतिकारले तत्सम शब्दको सार्थक प्रयोग गरेका छन् । जस्तैः

(क) 'बा' पण्डित भएकाले मलाई पनि ठुलो पण्डित बनाउने सपना थियो । (पृष्ठ-७)

(ख) त्यसैले तेह्रबर्षे पौडेल थर कि ब्राहमणी कन्यासँग उहाँको तेस्रो विवाह भयो । (पृष्ठ-३)

(ग) हरिवंश पुराण लगाएर जन्मेका हुनाले मेरो नामै हरिवंश रहन गयो । (पृष्ठ-५)

(घ) घरको सारा बोझ छोराछोरीको लालनपालन, बिहे, व्रतबन्ध, शिक्षादिक्षा मेरी विधवा आमाको काँधमा आइपऱ्यो । (पृष्ठ-६)

(ङ) वेद- वेदाङ्ग विद्यालय जानै छाडे । (पृष्ठ-१३)

(च) नेपाली जनता साच्चै हाम्रा इष्ट देवता, कुलदेवता हुन् । (पृष्ठ-१४५)

माथि रेखाङ्कित गरिएका शब्दहरु उपन्यासमा प्रयुक्त तत्सम शब्दहरुका केही उदाहरणहरु हुन् । यी शब्दहरू उपन्यासमा सार्थक रुपमा प्रयोग भएका छन् ।

२. **तद्भव शब्द :-** संस्कृतबाट रूप फेरिएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । 'चिना हराएको मार्न्छे' आत्मसंस्मरणमा प्रयोग भएका तद्भव शब्दहरू निम्न अनुसार छन् :

(क) आमा बाउन्न बर्षकोमात्रै हुनु भएको थियो बिरामी पर्न थाल्नु भयो । (पृष्ठ-१५)

(ख) भोलिपल्ट रक्सी नखाइकन मेरो द्रृश्य खिचियो । (पृष्ठ-२१४)

(ग) म सानो हुदाँ देखि अहिलेसम्म चिनेका र अलि भिन्न किसिमका हाउभाउ भएका मान्छेहरूलाई नियालेर हेर्छु । (पृष्ठ-२२८)

(घ) अरू घरमा सासुले बुहारी भित्र्याउछन तर हाम्रो घरमा मेरी विधवा भाउजुले आफ्नी कान्छी सासु अर्थात मेरी आमालाई भित्रयाउनुभो । (पृष्ठ-३)

(ङ) हामी मासु खाने दिन गनेर बस्थ्यौ । (पृष्ठ-९)

(च) त्यो मायामा तिमीनै गासिएको थियौँ । (पष्ठ-२६०)

(छ) उनले पनि टाउको उता फर्काइन र आसु बगाउन थालिन । (पृष्ठ-२६६)

(ज) बाङ्गिएका मुख्य पनि सिधा हुनु, हातका औलामा पनि अलिकति बलबढनु र होस पनि हुनुले ममा आशा पलायो । (पृष्ठ-२६७)

(झ) बाबु श्याम बहादुर पाठक र आमा ईश्वरीसँग सगोल परिवारमा बस्दै आएकी एउटा राम्रो सँस्कार पाएकी रमिला पनि संसारमा एउटी मात्रै र म पनि एउटै ।

माथि रेखाङ्कन गरिएका शब्दहरू संस्कृत भाषाबाट नेपालीमा आउँदा रूप परिवर्तन आएका छन् । यी शब्दहरू आत्मसंस्मरणमा सार्थक रूपमा प्रयोग गरिएकाले आत्मसंस्मरणको भाषा सरल, सहज र बोधगम्य बन्नु पुगेकोछ ।

३ **आगन्तुक शब्द :-** पुर्ख्यौली भाषा बाहेकका अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपालमै बोलिने विभिन्न भाषाबाट नेपली भाषामा आएका शब्दहरू आगन्तुक शब्द अन्तर्गत पर्दछन् । 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयोग भएका आगन्तुक शब्दहरूको केही उदाहरण निम्न अनुसार छन् :

(क) मयलपोस, सुरूवाल पटुका, टोपी विद्यालयको ड्रेस थियो । (पृष्ठ-१०)

(ख) त्यति खेर म जस्ता मध्यम वर्गका मान्छेको उद्देश्य एस.एल.सी पास गर्ने, नाइट अथवा मर्निङ कलेज पढ्ने अनि एउटा खरिदारको जागिर खाने हुन्थ्यो । (पृष्ठ -४२)

(ग) हाम्रो औकात त्यस्तै सस्तो लजमा बस्ने बाहेक अरू थिएन । (पृष्ठ -१२९)

(घ) त्यस्तो व्यक्तिले तारिफ गरिदिँदा हामी ठिटाहरू पनि फुरूङ्ग भयौ । (पृष्ठ-६८)

(ङ) हिजो आज चीनले बनाइदिएको सस्तो सिडी र सिडीप्लेयरले गर्दा हाम्रो गीत-सङगितलाई फाइदा पुगेको छ । (पृष्ठ-१५४)

(च) ठाँउ ठाँउमा सेतो टी-सर्ट लगाएर जानेलाई भिजिलान्ते भनेर आक्रमण पनि भयो । (पृष्ठ-२०१)

(छ) राजनीतिक कुराको सन्दर्भमा चाँहि मैले भने सरकारले राजनीतिक पार्टीसँग कम्प्रोमाइज गर्नुपर्छ । (पृष्ठ-२०६)

(ज) सुटिङ गर्न पनि ऋतु हुन्छ । वर्षा ऋतुमा आउटडोर सुटिङ अनुभवीहरूले गदैनन् । (पृष्ठ-२१६)

(झ) उनी मेरो उद्रेको ट्राउजर सिलाउँदै थिइन् । (पृष्ठ-२५६)

(ञ) अझ महिला कलाकारहरु त सुन्दरता कायम राख्न फेसियल आदि पनि गर्छन । (पृष्ठ-२२५)

(ट) मेकअप म्यानले विशेष प्रकारको मेकअप अनुहारमा लगाइदिन्छन् । (पृष्ठ-२२७)

(ठ) रङ्गमञ्चमा नाटक प्रर्दशन गर्दा गरेको रिहर्सल नै हाम्रा पाठशाला अनि युनिभरर्सिटी हुन् । (पृष्ठ-२२४)

(ड) एउटा साउन्डप्रुफ कोठा पनि आफ्नै नक्सामा बनाए । (पृष्ठ-२०८)

(ढ) मुम्बाईमा रेकर्ड गर्दा केटाले गाउने लाइनहरू एकदम हाइ स्केल देखेर अवस्थीले भनिन् - "कौनगासक्ता हे ऐसे हाइस्केलमे?" (पृष्ठ-२१०)

(ण) "तैपनि तपाईहरूको इन्ट्रेस्ट छ भने म तपाईहरूका लागि पहल गरिदिन्छु ।" (पृष्ठ-२४३)

(त) स्कायानिङ हेरेर डा. राजेशले भने - "नो होप, आई एमसरी" ! (पृष्ठ-२६७)

(थ) अहिले त राजनीतिक पार्टीहरु कसैले नेपाललाई विकास गर्छौ, अबौँ रुपैयाँ लगाँउछौ भनेर आए भने 'कति डोनेसन आउँछ' भनेर सोध्छ्न । (पृष्ठ -१५२)

(द) कहिलेकाहीँ त्यो जीप बिरामी भएर स्टार्ट नहुँदा मलाई कत्रो पिर पर्थ्यो । (पृष्ठ-६५)

(ध) हामीलाई रेल - स्टेसनभित्र टिकट लिएर मात्रै पस्नुपर्छ भन्ने थाहा थिएन । (पृष्ठ-४८)

(न) त्यो सरदार पुलिस पनि त्यहाँ ड्युटी गर्ने नभएर रेलबाट यात्रा गर्ने रहेछ भन्ने थाहा पायौ । (पृष्ठ -४९)

माथि रेखाङ्कन गरिएका शब्दहरू आगन्तुक शब्द हुन । यी शब्दहरू अङ्ग्रेजी, हिन्दु, नेवार आदि भाषाबाट 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा आएका हुन् । यस्ता आगन्तुक शब्दहरूको प्रयोग आत्मसंस्मरणमा प्रसस्तै पाउन सकिन्छ । यी शब्दहरूमा पनि अङ्ग्रेजी भाषाबाट आएका शब्दहरूको बाहुल्यता देखिन्छ ।

४ **अनुकरणात्मक शब्द**:- कुनै स्रोतबाट नभएर आफ्नै नेपाली परिवारसँग मेल खाने र निश्चित अर्थ दिन सक्ने सामार्थ्य भएका शब्दहरू झर्रा शब्द हुन् । कुनै आवाज, दृश्य वा क्रियाको अनुकरण गर्ने अथवा नक्कल बुझाउने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयोग भएका यस्ता शब्दहरूको उदाहरणहरू निम्नअनुसार छन् :

(क) भात थप्नुपरे ट्वाकट्वाक थाल बजाउथे, दाल थप्न परे कचौँरा । (पृष्ठ-८)

(ख) मेरा हातखुटटा् लल्याकलुलुकभए । (पृष्ठ -१४)

(ग) कोठामा खत्रयाकखत्रुक गरेको टुकी बालेको देखेर चोरले कोठाबाटको प्वालबाट भित्र हेर्दै रहेछ । (पृष्ठ -१९)

(घ) चौकोटको उकालो उक्लेपछि मुख सुकेर प्याकप्याक हुन्थ्यो । (पृष्ठ-२१)

(ङ) साला-भेना खुरूखुरू न्युरोडबाट नक्साल हुदै गौरीधारा जाँदै थियो । (पृष्ठ-२६)

(च) लामखुट्टे आएर कुटुककुटुक रोक्थे । (पृष्ठ-५६)

(छ) अनि दोस्रो भागमा हामी दर्शकलाई बसेको सिटबाट जुरुकजुरुक उचाल्थ्यो । (पृष्ठ-१७५)

(ज) कुकुर कुईकुई कराएको आवाज निकाल्न रिहर्सलको दिन एउटा साँचिकै कुकुर बाँधेर राखिएको रहेछ । (पृष्ठ-३५)

(झ) काठको भयाङ् उक्लँदा पनि चुईचुई-कप्याककुटक आवाज आउदै थियो । (पृष्ठ-६४)

(ञ) गड्याङगुडुङ गरेको होइन होला, दलाई लामा रिसाएर कराउनु भएको जस्तो लाग्यो । (पृष्ठ-१३५)

(ट) विष्णुलाल महर्जनका ससाना तीन छोराछोरी टुलुटुलु हेरिरहन्थ्यो । (पृष्ठ-१९३)

(ठ) पेमला भाउजु सुँकसुँकरून थालिन । (पृष्ठ-१७७)

माथि रेखाङकन् गरिएका शब्दहरू आत्मसंस्मरणमा प्रयुक्त झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरण आत्मसंस्मरणको भाषा अत्यन्तै कलात्मक र जीवन्तता प्राप्त गरेको देखिन्छ ।

## ४.२.२ कार्यका आधारमा शब्द चयन

१. **विशिष्ट नामको चयन :-** वस्तु, व्यक्ति, ठाँउ, पदार्थ, भाव आदीलाई जनाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ । नाम वाक्यात्मक संरचनामा आउँदा प्राय : वाक्यादि, निर्धारक र विशेषणपछि आँउछ । यसलाई के, को, उसले आदि प्रश्नको उत्तरमा आउने शब्दवर्ग मानिन्छ । प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयुक्त केही नामपदका उदाहरण निम्न अनुसार छन् :

(क) नेपालका विभिन्न ठाँउमा साँस्कृतिक कार्यक्रम प्रदर्शन गरि पैसा उठाएर ऋण तिर्ने सपना पनि हुन सकेन । (पृष्ठ-३९)

(ख) खाना खादा मुख नबोलेपनि मन बोलिरहेको हुन्थ्यो । (पृष्ठ-६८)

(ग) छोरो पाउनेको ठुलो इज्जत छ, आजको दिन सम्म हाम्रो समाजमा । (पृष्ठ-२)

(घ) जेठी आमाका छोरा टीका दर्पण दाइको विवाह कौशल्यादेवीसँग सोह्र-सत्र वर्ष कै उमेरमा भएछ । (पृष्ठ-३)

(ङ) घर ज्यादै पुरानो भइसकेको थियो । (पृष्ठ्-२०)

(च) कोरियाको इमिग्रेसनको कर्मचारीले श्रीलङ्काका कलाकारसँग गरेको व्यवहार देखेर मन खिन्न भयो । (पृष्ठ-१५५)

(छ) बिस्तारै दिनका दिन दुई माना दूध कम हुन थालेछ । (पृष्ठ-१५२)

(ज) आफन्त इष्टमित्र, हामीलाई मन पराउनेहरू, मीराको स्वरका प्रशंसकहरूको अस्पतालमा भिड लाग्यो । (पृष्ठ-२६५)

(झ) धेरै पटक अस्पतालको बेडमा सुती सुती मेरो अनुहार हेरिरहिन् । (पृष्ठ-२६६)

(ञ) खाना खाएर मोहित र म सगैं एउटै गाडीमा काममा जाने सोचिरहेका थियो ।(पृष्ठ-२६४)

माथि रेखाङकन् गरिएका शब्दहरू नाम शब्द हो । त्यस्ता विभिन्न नाम शब्दको समुचित प्रयोगले उपन्यासको कथानक सरल र प्रभावकारी बन्न पुगेको छ ।

२. **सर्वनाम चयन :-** नाम, पदावली र वाक्यको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनामले नाम, नाम पदावली र नामिक वाक्यको पुनरूक्तिलाई रोक्ने कार्य

गर्दछ । प्रस्तुत आत्मसंस्मरणमा प्रयोग भएका सर्वनामपदहरूका केही उदाहरण निम्न अनुसार छन् :

(क) उनका छोराछोरीसँग हाम्रो राम्रो सम्बन्ध हुदै गयो । (पृष्ठ-२९)

(ख) हामीदिदीभाइ त्यही बस्न थाल्यौ । (पृष्ठ-२९)

(ग) म त्यो माइक्रमा थिए, जुन बेला कुकुरको आवाज ठयाक्कै निकाले । (पृष्ठ-३६)

(घ) उसले बाहिर गएर हाम्रो लागि रेलको टिकट किनेछ । (पृष्ठ-४९)

(ङ) पछि उनीहरू देशभित्रै बसेर शान्तिपुर्ण आन्दोलन गर्न थाले । त्यो आन्दोलनमाहामिले पनि कलाका माध्यमबाट उनीहरूलाई साथ दिन पायौँ । (पृष्ठ-१०९)

(च) उनलाई ६ बजे पछि त दुई-चार पेग लिनुपर्ने, तलतल लागेर असाध्यै गाह्रो भएछ । (पृष्ठ-१७६)

(छ) उनका टोलवासीले महाराजगन्ज चोकमा उनको सालिक बनाए र त्यो चोकमा नामै नरायणगोपाल चोक राखे । (पृष्ठ-१७८)

(ज) हामी सबैभन्दा पहिले सत्यमोहन जोशीकहाँ गयौँ । उनले हुन्छ म आउँछु भने । (पृष्ठ-१८२)

(झ) एक पटक पोखरा जेसिसले हाम्रो कार्यक्रम आयोजना गरेको थियो । (पृष्ठ -८३)

(ञ) म पूर्वतिर जानुपरे पनि उनी बसेको पश्चिम दिशा भएर हिँडन थाले । (पृष्ठ-८६)

(ट) हामी जर्मनीमा कार्यक्रम देखाउन गएका थियौँ । (पृष्ठ-२१०)

माथि रेखाङ्कन गरिएका सर्वनाम पदहरूले 'चिना हराएको मान्छे' आत्मसंस्मरणका नामपदहरू दोहोरिएर आउने भद्दापनलाई हटाएर भाषिक मधुरता र आकर्षण थप्ने काम गरेको देखिन्छ ।

३. **विशेषणको चयन :-** नामको गुण, दोष, मात्रा, अवस्था, आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ । कुन, कस्तो, कस्ती, कति, कत्रो आदि प्रश्नको उत्तरमा आउने शब्दवर्ग मानिन्छ । प्रस्तुत आत्मसंस्मरणमा प्रयोग भएका केही विशेषण शब्दको उदाहरणहरू निम्न अनुसार छन् :

(क) आमा बाउन्न बर्ष मात्रै हुनुभएको थियो, बिरामी पर्न थाल्नुभयो । (पृष्ठ-१५)

(ख) नक्साल हात्तीसार जाने बाटोमा एउटा ठुलो कम्पाउन्ड थियो । (पृष्ठ-८६)

(ग) हामी सबैमा त्यो मासुको स्वाद कस्तो मिठो हुन्छ होला भन्ने कौतुहल थियो । (पृष्ठ-१११)

(घ) मेलै धेरै बुढाबुढीको छातीमा कफ अड्केर बडो कष्टपुर्ण खोकेको देखेको छु ।(पृष्ठ-२२९)

(ङ) उनका छोराछोरी सँग हाम्रो राम्रो सम्बन्ध हुदै गयो । (पृष्ठ-२९)

(च) पति बितेपछि पत्नीले एउटा मीठो कुरा छोड्नुपर्थ्यो रे । (पृष्ठ-९)

(छ) टेबलको ऐनामा मुखमा आधी रातो, आधी कालो रङ्ग लगाएको मान्छे देखे । (पृष्ठ-१९)

(ज) मेरो ठुलो भिनाजु कलकत्तामा व्यापार गर्नुहुन्थ्यो । (पृष्ठ-१४)

(झ) काठमाडौँमा गाडी नै कहाँ थिए र यति धेरै । (पृष्ठ-३३)

(ञ) सात दिनमा मनाङे साहुले धेरै ठाँउमा घुमाउन पनि लग्यो । (पृष्ठ-४४)

माथि रेखाङकन गरिएको विशेषणहरूको प्रयोगले गर्दा आत्मसंस्मरणमा भाषिक मधुरता, आर्कषण देखिएको छ ।

४. **क्रियापद चयन :-** वाक्यमा कर्ताले गरेको कुनै काम वा कार्यव्यापार घटना वा आस्था आदिलाई बुझाउने शब्दलाई क्रियापद भनिन्छ । प्रस्तुत आत्मसंस्मरणमा प्रयुक्त केही क्रियापदहरूको उदाहरण निम्नअनुसार छन् :

(क) उनले त्यो पैसा पनि फिर्ता गरेनन् । (पृष्ठ-३१)

(ख) मीराका आँखा आसुले टिलपिल भए । (पृष्ठ-७४)

(ग) मदन दाईको हितेषी साथी दिलकूष्ण श्रेष्ठ अमेरिकामा अमेरिकन भाउजु सँगै बस्थे । (पृष्ठ-१५६)

(घ) नेपालमा चिनेका कति मान्छे धेरै बर्षसम्म भेटिदैनन् । (पृष्ठ-१६५)

(ङ) नरायणगोपाल असाध्यै मुडी तर ज्यादै मिलनसार थिए । (पृष्ठ-१७३)

माथि रेखाङकन गरिएका शब्दहरू 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयोग गरिएका क्रियापदहरू हुन ।

५. **क्रियाविशेषणको चयन :-** क्रिया विशेषणको विशेषता बुझाउन प्रयोग गरिने अव्यय शब्दलाई क्रियाविशेषण भनिन्छ । यिनीहरूका कारण भाषिक, सुन्दरता, मधुरता र मिठास उत्पन्न हुन्छ । 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयुक्त केही क्रियाविशेषणहरूको उदाहरण निम्न अनुसार प्रस्तुत गरिएका छन् :

(क) म कहिलेकाही मात्रै अस्पताल जान पाउँथे । (पृष्ठ-१६)

(ख) भोलिपल्ट बिहान त्यहाँ एउटा चोर समातेको छ रे भन्ने सुनियो । (पृष्ठ-२०)

(ग) काठमाडौंमा भुस्याह कुकुरको सङ्ख्या यसरी घटाइरहेको छ 'क्यटले' लुतो आएका मोटरले हिर्काएका कुकुरलाई पनि ल्याएर 'औषधीउपचार' गर्छ । (पृष्ठ-३७)

(घ) त्यस बेला मोटरसाइकल चलाउनेको पनि राम्रै इज्जत थियो । (पृष्ठ-१७१)

(ङ) उनले मलाई तर्साएर मेरा मन भित्र भय गाडिदिएकी होइनन्, उनले मेरो हृदयभित्र माया भरिदिएकी हुन् । (पृष्ठ-२५५)

**६.नामयोगीको चयन :-** नामिक पद (नाम, सर्वनाम, विशेषण) सँग जोडिई आउने र आफनो स्वतन्त्र अर्थ पनि नहुने एवम् एकल रूपमा प्रयोगमा नआउने अव्यय पदलाई नामयोगी भनिन्छ । यस उपन्यासमा प्रयोग भएका केही नामिक पदका उदाहरणहरू निम्नअनुसार छन् :

(क) आमाचाहिँ मासु खानु हुन्थ्यो । (पृष्ठ-९)

(ख) बच्चाहरूलाई आफ्नो घरमा पाहुना आएको असाध्यै मन पर्छ । (पृष्ठ-१८)

(ग) काठमाडौँसम्म सङ्खुदेखिको चामल थोरै ज्यालामा ल्याइदिन्थे । (पृष्ठ-२३)

(घ) बनेपादेखि सङ्खु जादाँ खड्पुमा त्यहाँका स्थानीय बासिन्दाले धान कुटेर चिउरा कुटिरहेका हुन्थे । (पृष्ठ-२२)

(ङ) हामीसँग पैसा माग्ने रेल पुलिसले कपडाको खैरो जुता लगाएको थियो । (पृष्ठ-४९)

(च) त्यस पछि हाम्रो घर पनि पुर्ण भयो । (पृष्ठ-९२)

(छ) हामीलाई त्यसबेलादेखि नै थुप्रै सङ्घ - संस्थाहरु सदस्य बनाउन खोज्थे । (पृष्ठ-१०७)

(ज) सबैभन्दा पहिले हाम्रो नाता कलमसँग जोडिएको छ । (पृष्ठ-११८)

(झ) हामीसँग जम्मा दस-बाह्र हजार रूपैयाँ मात्र थियो । (पृष्ठ-७०)

(ण) त्यस बखतसम्म आइपुग्दा मदन दाइले 'तिम्रो काम गर्ने स्पिरिटलाई म कम गर्दिन भन्नुभयो । (पृष्ठ-२२९)

**७. निपातको चयन :-** आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयुक्त भई भनाईमा जोड दिने, अर्थमा मिठास ल्याउने अव्यय शब्दलाई निपात भनिन्छ । प्रस्तुत अभ्यासमा प्रयुक्त केही निपात शब्दका उदाहरण निम्नअनुसार छन् :

(क) सासूबुहारी साथी जस्तै भएरे । (पृष्ठ-३)

(ख) मैले तेरो भाइले 'हुन्छ' भनेरै बिहे गरेको त हो नि । (पृष्ठ-२४)

(ग) एक दिन मलाई बाटोमा भेटेर सोधे - "ए तँ जागिर खान्छस" (पृष्ठ-४१)

(घ) लौ खानोस् त । (पृष्ठ-६२)

(ङ) त्यसपछि त हाम्रो बसाइँ ब्रिटिस स्ट्यान्डरको भइहाल्यो नि । (पृष्ठ-१३०)

(च) ज्युँदो हुँदा आए पो । (पृष्ठ-१६०)

(छ) त्यसपछि त्यो फोटो बैङकमा राखौला नि, है । (पृष्ठ-२९१)

माथि रेखाङ्कन गरिएका शब्दहरू निपात हुन् । यस आत्मसंस्मरणमा निपात पदको छनोट प्रसङ्ग अनुसार प्रयोगले रोचकता प्रदान गरेको छ ।

८. **संयोजक शब्दको चयन :-** शब्द, पदावली, वाक्यांश वा वाक्यलाई जोडने अव्यय पदलाई संयोजक भनिन्छ । प्रस्तुत आत्मसंस्मरणमा प्रयुक्त केही संयोजकका उदाहरणहरू निम्नअनुसार छन् :

(क) सानीमा र दाईहरू पनि माया गर्थे तर दिनले हामीलाई माया गरेन, भाग्यले माया गरेन । (पृष्ठ-२८)

(ख) हामीले कुकुरको लास झिकेर किनारमा राख्यौँर् फेरि पौडी खेल्न थाल्यौँ । (पृष्ठ-३४)

(ग) नक्सालले एक जना एकदमै पढैया मान्छे फेल भएछन र त्यही दिन झुण्डिएर आत्महत्या पनि गरेछ । (पृष्ठ-५१)

(घ) मदन दाई र भाउजुसँग आशीर्वाद लिएर हामी टयाक्सीबाट औलियौँ र बसको टिकट काटेर पोखरातिर लाग्यौँ । (पृष्ठ-९०)

(ङ) नरायणगोपाल असाध्यै मुडी तर ज्यादै मिलनसार थिए । (पृष्ठ-१७५)

(च) अनि दोस्रो भागमा हामी दर्शकलाई बसेको सिटबाट जुरूक्जुरूक् उचाल्यौँ । (पृष्ठ-१६५)

(छ) हामीलाई यो संस्थाले व्यवसायिक सन्तुष्टि पनि दिएको छ तर यो संस्थाबाहेक जहाँ लगानी गरे पनि हाम्रो पैसा, सेयर लगानीको सावाँ, ब्याज डुबेको छ । (पृष्ठ-२०५)

माथि रेखाङ्कन गरिएका शब्दहरू 'चिना अराएको मान्छे' आत्मसंस्मरणमा प्रयोग गरिएका संयोजक पदहरूका केही उदाहरण हुन् ।

ाथि रेखाङ्कन गरिएका शब्दहरू विस्मयादिबोधक हुन् । यस्ता पदहरू आत्मसंस्मरणमा प्रसङ्ग अनुसार प्रयोग भएको पाईन्छ ।

९. **विस्मयादिबोधक पदको चयन :-**विभिन्न अवस्था, घटना वा परिवेश अनुसार मानव मनमा उत्पन्न हुने हर्ष, विस्मात, दुःख आदि प्रकट गर्न प्रयोग गरिने अव्यय पदलाई विस्मयादिबोधक शब्दहरूको उदाहरणहरू निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

(क) आमाहो, दिदीहो, बैनीहो, ! सिक्किममा जनसङ्ख्या वृद्धि भयो । (पृष्ठ-१२३)

(ख) छया ! कस्तो नमिठो भएछ ! (पृष्ठ-११२)

(ग) ओहो ! कति मान्छे भेटन आएका । (पृष्ठ-१८)

(घ) ओहो ! कति कीरा यहाँ । (पृष्ठ-१४३)

(ङ) ओहो! तपाईहरुलाई थुन्यो भने त आन्दोलनले झन उग्र रुप लिन्छ । १८३

(च) त्यसपछि बढो समालिएर भने "ओहो ! माफ गर्नुहोला । २४२

**उखानटुक्काको प्रयोग :-** लोकजिवनमा चलेका सारपुर्ण कथन वा उक्तिलाई उखान भनिन्छ । उखानलाई उपदेश र शिक्षाका रूपमा सुत्रबद्ध भएर प्रचलित लोकका गहकिला

उक्तिका रूपमा पनि परिभाषित गरिएको पाइन्छ । यस आत्मसंस्मरणमा प्रयोग भएका केही उखान टुक्काका उदाहरणहरू निम्नअनुसार छन् :

(क) “बुढेसकालको पुता(छोरा) यता न उता” । (पृष्ठ-२)

(ख) “न्याय इष्ट र बाउ दुष्ट कहिल्यै हुदैन” । (पृष्ठ-६६)

(ग) “बर्मु इष्ट व बा दुष्ट गले जुइमखु” । (पृष्ठ-६६)

(घ) स्वास्नी अरूका राम्रा छोराछोरी आफना राम्रा । (पृष्ठ-९२)

यसरी उखानटुक्काको प्रयोगले भाषा मिठान र रोचक बन्न पुगेको देखिन्छ । यस आत्मसंस्मरणमा उखानटुक्काको प्रयोग प्रसङ्ग अनुकुल भएको पाइन्छ ।

### ४.२.३ वाक्य चयनको आधारमा चिना हराएको मान्छे आस्मसंस्मरण

वाक्य चयनका आधारमा चिना हराएको मान्छे आत्मसंस्मरण विचार प्रस्तुतिका लागि भाषाको सु-स्पष्ट रेखाङ्कन गर्ने सानो एकाइ वाक्य हो । व्याकरणिय हिसाबले भन्नुपर्दा चाहिँ वाक्य सबैभन्दा ठूलो एकाइ हो । वाक्य एक किसिमको पूर्ण संरचना हो । यसको अस्तित्व स्वतन्त्र हुन्छ । उपवाक्य भन्दा ठूलो संरचना नै वाक्य हो । अवस्था र परिवेशका आधारमा एक शब्द वा एकै अक्षरले पनि वाक्यात्मक भूमिका निर्वाह गर्न सक्छ । यस अध्ययनमा ‘चिना हराएको मान्छे’ आत्मसंस्मरणमा आत्मसंस्मरणकारले गरेको वाक्य चयन अन्तर्गत निम्न पक्षमा केन्द्रित भई विश्लेषण गरिएको छ :

१. **सरल वाक्य** : एउटा उद्देश्य र एउटा विधेयको प्रयोग भएको पूर्ण वाक्यलाई सरल वाक्यमा भनिन्छ । प्रस्तुत आत्मसंस्मरणमा प्रयोग भएका सरल वाक्यका उदाहरणहरू निम्नानुसार छन् :

क) म अहिले मेरो कलाक्षेत्रको हरेक सफलतामा आमालाई सम्झन्छु । (पृष्ठ-१४)

ख) घरमा चोर पसेको रहेछ । (पृष्ठ-१९)

ग) भैरब बहादुर थापा नेपाली नृत्यमा समर्पित अतुलनीय व्यक्ति हुन् । (पृष्ठ-३९)

घ) मेरो पनि जीवनमा पहिलोचोटि किनेको एउटा मारुती जिप्सी मोटर छ । (पृष्ठ-७४)

ङ) जाडो लागेपछि हामी देशका विभिन्न सहरमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न पुग्थ्यौं । (पृष्ठ-१०४)

च) आन्दोलनको सफलतासँगै देशमा बहुदलीय व्यवस्था लागु भयो । (पृष्ठ-१२३)

छ) काठमाडौं धेरै भारतीय व्यापारीहरूको पसलमा समान लुटिए । (पृष्ठ-१३२)

ज) तिब्बतलाई हानी पुऱ्याउने गरी भारतले नेपालमा जे गरे पनि चीनले मतलब राख्दैन । (पृष्ठ-१५२)

झ) नारायणगोपाल असाध्यै मुडी तर ज्यादै मिलनसार थिए । (पृष्ठ-१७५)

ञ) नारायण दाइ र हामी मिलेर देशमा धेरैओटा कार्यक्रम गऱ्यौं । (पृष्ठ-१७५)

ट) पृथ्वीनारायण शाहले नेपाललाई एक सूत्रमा बाँधे । (पृष्ठ-१९५)

ठ) हामीले धेरैओटा चलचित्रमा धेरैओटा भूमिका निभाएका छौं । (पृष्ठ-२४४)

ड) मीराको स्वभाव साह्रै तीक्ष्ण थियो । (पृष्ठ-२५६)

ढ) रमिलाले मलाई मीरा सम्झेर रुने स्वतन्त्रता दिएकी छन् । (पृष्ठ-२९०)

ण) मीराको वियोगपछि मैले करिब डेढ वर्ष कुनै कार्यक्रम गर्न सकिन । (पृष्ठ-२९६)

यसरी माथि दिएका उदहारणहरू आत्मसंस्मरणमा पाइने सरल वाक्यका केही उदाहरणहरू हुन् ।

२. **संयुक्त वाक्य** : दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेर निर्माण गरिएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयोग भएका केही संयुक्त वाक्यका उदाहरणहरू निम्नअनुसार छन् :

क) तिम्रो कार्यक्रम पहिले भन्दा पाँच मिनेट लामो भयो तर एकदमै राम्रो भयो । (पृष्ठ-५४)

ख) बियर र भोज खाएर फालेको टपरीले मेरी इज्जत खतम भइसकेको थियो तर महेशकी आमा म भन्दा पहिले नै उठिसकेकी रहिछन् । (पृष्ठ-६५)

ग) हामी रातभरि नसुती क्यासेट रेकर्ड गर्थ्यौं र सेलोफिन पेपरले बेर्थ्यौं । (पृष्ठ-७०)

घ) आफ्नो क्षेत्रमा काम त धेरै नै गरेको थिएँ तर केही गरिनँ जस्तै लागिरहेको थियो । (पृष्ठ-८८)

ङ) मदन दाइ र भाउजुसँग आशीर्वाद लिएर हामी ट्याक्सीबाट ओर्लियौं र बसको टिकट काटेर पोखरातिर लाग्यौं । (पृष्ठ-९०)

च) मीरालाई टाइफाइड निको भयो तर फेरि जन्डिस भयो । (पृष्ठ-९६)

छ) मोहित साँच्चिकै भाग्यमानी नै छ जस्तो लाग्छ किनभने, ऊ बाँच्तै नबाँच्ने बच्चा जबरजस्ती बाँचेको हो । (पृष्ठ-१००)

ज) मैले आँखासम्बन्धी केही कार्य गर्ने सानो संस्था होला भन्ठानेको थिएँ तर आज तिलगङ्गा आँखा केन्द्र देशकै एउटा उदाहरण भएको छ । (पृष्ठ-१०७)

झ) घरको कौसीमा एउटा साउण्डप्रुफ कोठा पनि आफ्नै नक्सामा बनाएँ अनि सङ्गीतकार शिलाबहादुर मोक्तानको घरमा लाज दबाएर गएँ । (पृष्ठ-२०८)

ञ) हाम्रो अवाज मानिसहरूलाई कण्ठ थियो तर अनुहार चिन्दैनथे । (पृष्ठ-११०)

माथि उल्लेख गरिएका उदाहरणहरू प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा पाइने संयुक्त वाक्यका उदाहरणहरू हुन् ।

### ४.२.४ विचलन

१. **व्याकरणिक विचलन :-** लिङ्ग, वचन, पुरूष, काल, भाव, वाच्य, पक्ष जस्ता व्याकरणिक व्यवस्था माथि अतिक्रमण गरी नयाँ स्वरूप र संरचनामा ढाल्ने प्रक्रिया व्याकरणिक विचलन हो । प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा रहेका व्याकरण विचलनका उदाहरणहरू निम्न छन् :

तल दिइएका उदाहरणहरुमा पदक्रम विचलन पाइन्छ ।

(क) छोरो पाउनेको ठुलो इज्जत छ आजको दिनसम्म पनि हाम्रो समाजमा । (पृष्ठ-२)

(ख) कस्तो अनौठो ! सायद मेरी आमा पनि त्यसरी नै डोली चढेर होइन, चढाएर मेरा बासँग आउनुभयो, रूदैरूदै । (पृष्ठ-३)

(ग) नातामा म उनीहरूको हजुरबा हुन्छु, आफनो बाको काका भएपछि । (पृष्ठ-५)

(घ) बा पण्डित भएकाले होला, मलाई पनि ठुलो पण्डित बनाउने सपना थियो मेरा आमाबाको । (पृष्ठ-७)

(ङ) पाँच-छ बजेतिर मान्छे हिँडदैनथे बाटामा । (पृष्ठ-१९)

(च) धेरै पीडित नेता, कार्यकर्ता पनि छन् विभिन्न पार्टीमा । (पृष्ठ-१८५)

(छ) जनता झस्के प्रजातन्त्र जान लाग्यो ज्ञानेन्द्रले प्रजातन्त्र खान लाग्यो भनेर । (पृष्ठ-१८६)

(ज) हुनत ऊ कुनै साहित्यकार होइन तर सुनाउँदा 'यो मिल्यो, यो मिलेन' भन्न सक्ने गुण थियो उसमा । (पृष्ठ-५३)

(झ) घरमा न्वारन गरियो र नाम राखियो मोहित । (पृष्ठ-१००)

(ञ) हामीसँग मात्र होइन, संसारभरिका मान्छेसँग कलम छ र अर्बौ कलम बन्दैछन् भविस्यमा आउने अर्बौका लागि । (पृष्ठ-११९)

यसरी माथिका उदाहरणमा व्याकरणात्मक विचलन पाइन्छ । त्यसमा पनि पदक्रम विचलन बढी भएको पाइन्छ ।

२. **अर्थतात्विक विचलन :-**अर्थको सन्दर्भमा देखापर्ने विचलनलाई अर्थतात्विक विचलन भनिन्छ । प्रस्तुत आत्मसंस्मरणमा प्रयोग भएका अर्थतात्विकविचलनका केही उदाहरणहरू:

(क) बुढेसकालको पुता यता न उता पनि भन्थे मलाई । (पृष्ठ-२)

(ख) सानीमा र दाइहरू पनि माया गर्यो तर दिनले हामीलाई माया गरेन, भाग्यले माया गरेन । (पृष्ठ-२८)

(ग) मह जस्तै गुलिया, मह जस्तै गुनिला, मह जस्तै कहिल्यै नकुइने अभिनेता मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । (पृष्ठ-११६)

(घ) दर्शकहरू छिनछिनमा 'कुखुरा बास्नुपर्छ है' भन्दै थिए । (पृष्ठ-१३४)

(ङ) नेपालका सबै नेताहरूको नाडी भार तले छामिसकेको छ । (पृष्ठ-१३६)

(च) हास्यव्यङ्ग्यको प्रभाव भनेको रोग लागेको मान्छेलाई औषधि हालेको इन्जेक्सन दिनसाथ असर देखिए जस्तो गरि देखिदैन । (पृष्ठ-१४१)

(छ) नेपाली जनता साँच्चिकै हाम्रा इष्टदेवता, कुलदेवता हुन । (पृष्ठ-१४५)

(ज) मन ढुक्क फुल्यो । (पृष्ठ-१५७)

माथिका उदाहरणहरूमा अर्थतात्विक विचलन भएको पाइन्छ ।

३. **ध्वनि प्रक्रियात्मक विचलन :-** भाषिक उच्चारणका क्रममा देखा पर्ने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । शब्दको मानक स्वरूप भन्दा भिन्न किसिमले उच्चारण हुनु नै ध्वनिप्रक्रियात्मक विचलन हो । प्रस्तुत 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा पनि मानक रूप भन्दा भिन्न विचलनयुक्त ध्वनिहरूको प्रयोग पर्याप्त मात्रामा पाइन्छ भन्ने तथ्य निम्न उदाहरणबाट पाइन्छ :

(क) "लौ खानोस त !" (पृष्ठ-६२)

(ख) "यो फोटो कस्को हो, चिन्या छ" (पृष्ठ-६२)

(ग) एक पटकलाई सहयोग गरिदिनोस् । (पृष्ठ-७८)

(घ) तैपनि तपैहरूको इन्ट्रेस्ट छ भने म तपैहरूका लागि पहल गरिदिन्छु । (पृष्ठ- २००)

(ङ) तैपनि कुनै दिन सकिएछ भने यी कलिला बालबालिकाहरूलाई कलाकार बनाउने धोको मनमा रहिरहेको छ । (पृष्ठ-२५०)

(च) अरू गायकगायिकाले पैसा माग्दा भनेछन्- "यो पैसा त सरकारले 'तिम्लाई' भनेर मलाई मात्र दिइबक्सेको हो ।" (पृष्ठ-२५३)

(छ) तर दशर्क तथा स्रोताले हाम्लाई दिएको सफलता ती सङगितकारभैँ हामी आफु मात्र लिदैनौं । (पृष्ठ-२५३)

(ज) हेर्नोस हामीसँग खोलानालामा धेरै छन् । (पृष्ठ-१४६)

माथिका रेखाङ्कन गरिएका शब्दहरूमा ध्वनिप्रक्रियात्मक विचलन देखिन्छ । यी ध्वनिप्रक्रियात्मक विचलनलाई तिनको मानक ध्वनिक्रममा साथ निम्न तालिकामा देखाएको छ :

| क्र.स | वाक्य | विचलित ध्वनिक्रम | मानक ध्वनि |
|---|---|---|---|
| १ | (क) | खानोस् | खानुहोस् |
| २ | (ख) | कस्को | कसको |
| ३ | (ग) | गरिदिनोस् | गरिदिनुहोस् |
| ४ | (घ) | तपैहँरू | तपाइहरू |
| ५ | (ङ) | तैपनि | त्यहिपनि |

| | | | |
|---|---|---|---|
| ६ | (च) | तिम्लाई | तिमीलाई |
| ७ | (छ) | हाम्लाई | हामीलाई |
| ८ | (ज) | हेर्नोस् | हेर्नुहोस् |

यस्ता ध्वनिप्रक्रियात्मक विचलनका उदाहरणहरू प्रस्तुत आत्मसंस्मरणमा पाइन्छन् । ध्वनिप्रक्रिात्मक विचलनका कारण प्रस्तुत आत्मसंस्मरणका भाषिक अभिव्यक्ति आकर्षक र प्रभावकारी देखिन्छ ।

४. **भाषिका विचलन :-** मानक वा स्तरीय भाषिकाका बीचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो । प्रस्तुत आत्मसंस्मरणमा प्रयोग भएका केही भाषिका विचलनका उदाहरणहरू निम्नअनुसार छन् :

**तल दिइएका उदाहरणहरूमा पूर्वेली भाषिकाको प्रयोग पाइन्छ :**

(क) "ए धेरै रक्सी नखाऊ, भ्याङ्कको एयरपोटमा गारो पार्छ ।"

(ख) "तिमारू घाडी, सुन केई पनि नालागाई आउ ।"

(ग) त्यसलाई हरियो बाँसमा तन्काएर लग्न नपुग्या ।

(घ) खै कता हो कता चिन्याचिन्या जस्तो लाग्छ ।

माथि रेखाङ्कन गरिएका शब्दहरू भषिका विचलन भएका शब्दहरू हुन ।

## ४.३ छलफल/व्याख्या

'चिना हराएको मान्छे' आत्मसंस्मरणको विषयवस्तु फ्रेटागको पिरामिड अनुसार नै रहेको छ । फेटागको पिरामिडको ५ चरणहरू नै आत्मसंस्मरणको विषयवस्तु अगाडि बढेको छ । तसर्थ आत्मसंस्मरणको विषयवस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ । आत्मसंस्मरणका लेखकको जन्म देखि सुरू भई उनको जीवन संघर्ष देखि देशको तत्कालिन राजनैतिक परिस्थिति, २०६२/६३ को जनआन्दोलन, त्यसपछिको देशमा लोकतन्त्र र गणतन्त्रको आागमन, लेखकको आफ्नै देश, विदेशको भ्रमण, उनले पाएको सफलता र आफ्नी श्रीमतीको दुःखद निधन, उनको दोस्रो विवाह र घरमा फेरी खुसियाली छाएको कुराबाट आत्मसंस्मरणको सुखद अन्त्य गरिएको छ ।

प्रस्तुत आत्मसंस्मरणमा तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियापद नामयोगी, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक शब्दहरूको चयनले भाषा सरल, सहज र उत्कृष्ट बन्न पुगेको छ । तुलनात्मक रूपमा तद्भव शब्दको प्रयोग बढि मात्रामा प्रयोग भएको पाइन्छ भने आगन्तुक शब्द अर्न्तगत पनि अङ्ग्रेजी भाषाको शब्द बढी मात्रामा प्रयोग गरिएको छ । आत्मसंस्मरणको भाषिक पक्षको विश्लेषण गर्ने क्रममा विचलन पक्षको पनि अध्ययन गरिएको छ । व्याकरणिक, अर्थतात्विक, भाषिका विचलन आदि विचलनयुक्त भाषाको प्रयोगले भाषिक सौन्दर्य वृद्धि भई बोधगम्य बन्न पुगेको देखिन्छ ।

# अध्याय-पाँच

## ५.१ निष्कर्ष

'शैली' शब्द संस्कृतको शील् धातुमा निर्माण भएको हो । शैलीलाई ढङ्ग, ढाँचा परिपाटी, तरिका, रीति, मार्ग वृति आदिका रूपमा प्रयोग गरिएको पाइन्छ । शैलीविज्ञान समालोचनाका क्षेत्रमा देखा परेको नीवनतम् विधा हो भएता पनि यसले स्वत्रन्त्र विधाको रूप धारण गरिसकेको पाइन्छ । संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर शील शब्दको व्युत्पादन भएको र यही शील शब्दमा 'इ' प्रत्यय जोडिइ शैली शब्दको निर्माण भएको हो (शर्मा, २०४८:३) ।

ममता भुजेलद्धारा 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । राधिका भूर्तेलद्धारा 'सेतो धर्ति' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । लोकेन्द्र सुवेदीद्रद्धारा 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । जमुना अर्यालद्धारा 'कोही किन बरबाद होस्' नाटकको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । नानीमैया अधिकारीद्वारा 'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । छविलाल नेपालद्धारा 'लङ्गडाको साथी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । ऋषिराज रेग्मिद्धारा 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । डिल्लीराम ढकालद्धारा 'चम्पा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । पदम प्रसाद विमलीद्धारा 'समानान्तर आकाश' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

पूर्वकार्यको समीक्षा गर्दा भेटीएका यिनै आधारहरूलाई आत्मसात गदै चर्चित ह्रास्य कलाकार अर्थात आत्मसंस्मरणकार हरिवंश आर्चायद्धारा रचना गरिएको 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

लेखक हरिवंश आचार्य उक्त आत्मसंस्मरणमा आफु जन्मिएर यस धर्तिमा आएको अवस्थाबाट आत्मसंस्मरणको सुरूवात गरेको छन् । आफु जन्मिदा उनकी आमा उच्च श्रेणीमा सुत्केरी पास भएको र उनको बुवा पनि खुसिले पागल भएको देखाएको छन् । जति छोरी भए पनि एउटा छोरो त हुनै पर्छ भनेर छोराको महत्व एकदमै रहने देखाएको छन् । त्यसैले लेखकको बुवाले आफु ७३ वर्षको हुदाँ पनि छोरा त चाहिन्छ नै भनेर हरिवंश पुराण लगायो भने छोरो जन्मन्छन भन्ने अन्धविश्वासले गर्दा हरिवंश पुराण लगाउछन् र पछि छोरो नै जन्मिन्छ त्यसैले लेखकको नाम पनि हरिवंश नै राखिएको हुन । लेखक जन्मिएको सात वर्ष पछि्‌ अर्थात असी बर्षको उमेरमा

लेखकको बुवाको निधन भयो । घरको सारा बोझ आमाको काधँमा आयो । त्यसको केही समय पछि लेखककी आमाको पनि मृत्यू भयो । अब लेखक र उनकी दिदिहरू टुहुराटुहुरी भए । सुख, दु:ख र संर्घष गर्दै लेखकको दिनहरू बित्दै गए । उनी सानै देखी नै उट्पट्याङ स्वभावका थिए । सबैलाई हँसाउने खालका थिए । त्यसैले परिणाम होला आज लेखक एक चर्चित हास्यकलाकार भनेर चिनिन्छन् । लेखक विस्तारै स्कुल पढ्दै गए उनलाई एस.एल.सि पास गर्न धेरै गाह्रो पर्यौ त्यही पनि उनी हार मानेन् । एक पटकको हारलाई उनले सफलताको कडि सम्झिए त्यसैले फेरी परिक्षा दिए र एस.एल.सी. पास गरे । समय बित्दै गयो लेखक २०३४ सालमा 'आधुनिक श्राद्ध' नामक प्रहसनबाट लेखकको हास्य जगतमा प्रवेश भयो । त्यसै बीच उनको भेट मदनकृष्ण श्रेष्टसँग भयो । सँगै काम गर्दै जादा उनीहरूको सम्बन्ध एकदम गाढा भयो र आज पनि 'मह' जोडीका नामले सबै साम् चिनिन्छन् । दिनहरू बित्दै जाने क्रममा लेखकको विवाह मीरासँग हुन्छ । लेखकको हास्य जगतमा यति चर्चित भईसकेका थिए कि उनी आफ्नो देशमा भन्दा बढी विदेश यात्रामा जाने गर्दथे ।

केही समयको खुसी र सुखीको जिन्दगी पछि लेखकको जीवनमा बज्रपात पर्छ । उनकी श्रीमती बिरामी पर्छिन र उनलाई उपचार गर्न अस्पताल लगियो उपचारकै क्रममा उनको निधन हुन्छ । श्रीमतीको मृत्यू पश्चात लेखक हरिवंश आचार्यको जीवन अन्धकारमय हुन्छ । उनलाई दिन र रात एउटै लाग्न थाल्छ । दु :खका दिनहरू बित्दै जाँदा लेखकको जीवनमा फेरी सुखका दिनमा पनि आए । लेखकको रमिला पाठकसँग दोस्रो विवाह हुन्छ । दोस्रो विवाह पश्चात लेखकको जीवनमा खुसिका दिनहरूआउछन् । यसरी यस 'चिना हराएको मान्छे' आत्मसंस्मरणको सुखद अन्त्य हुन्छ ।

## ५.२ उपयोगिता/कार्यान्वयन

### ५.२.१ नीतिगत तह :

प्रस्तुत अनुसन्धान 'चिना हराएको मान्छे' आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यस आत्मसंस्मरणको शैलीवैज्ञानिक अध्ययन गर्नु नै शोधपत्र लेखनको शीर्षक रहेको छ । यस अनुसन्धान कार्यले निम्न नीतिगत तहमा सहयोग पुर्याउनेछ :-

- यस अध्ययनले पाठ्यक्रम निर्माणमा महत्वपुर्ण सहयोग पुर्याउन सक्ने देखिन्छ ।
- पाठ्यपुस्तक लेखन कार्यमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।
- शैली विश्लेषणसँग सम्बन्धित पाठ्यपुस्तक लेखनमा यस अध्ययनले सहयोग गर्न सक्ने देखिन्छ ।

- यस अध्ययनले भाषानीति निर्माण कार्यमा पनि सहयोग पुर्याउने देखिनछ ।
- यस अध्ययनले शैक्षणिक व्याकरण निर्माण गर्ने कार्यमा सहयोग पुर्याउने देखिन्छ ।
- यस अध्ययनले शब्दकोश निर्माण कार्यमा पनि सहयोग पुर्याउने देखिन्छ ।

**कार्यान्वयन तह :**

यस अनुसन्धानलाई निम्न तहमा कार्यान्वयन गर्न सकिन्छ :

- अध्ययन अध्यापन कार्यमा यस अनुसन्धानबाट प्राप्त निष्कर्ष वा परिणामहरू अत्यन्त उपयोगी देखिन्छन् ।
- कक्षा शिक्षणमा पनि यस अनुसन्धानका निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।
- भाषा शिक्षणका कार्यमा पनि यस अनुसन्धानका निष्कर्षहरू कार्यान्वयन गर्न सकिन्छ ।

**आगामी अनुसन्धानका लागि शीर्षक**

- 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयुक्त भाषिकागत विचलनको शैलीविज्ञान अध्ययन
- 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा क्रियापद चयनको अध्ययन
- 'चिना हराएको मान्छे' आत्मसंस्मरणमा प्रयुक्त बिम्ब प्रतीकको अध्ययन

# सन्दर्भसूची


अधिकारी, नानीमैया(२०७१), 'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग, त्रि.वि. ।

अर्याल, जमुना (२०६४), 'कोही किन बरबाद होस्', नाटकको शैलीवैज्ञानिक अध्ययन स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

आचार्य, हरिवंश (२०७०), 'चिना हराएको मान्छे' काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

ढकाल, शान्तिप्रसाद (२०६७), प्रार्योगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, डिल्लीराम (२०६८), 'चम्पा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग त्रि.वि ।

नेपाल, छविलाल (२०६३), 'लङग्डाको साथी' उपन्यासको शैलीविज्ञानिक अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पन्थी, कविता (२०७३), 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

बिमली, पदमप्रसाद (२०६६), 'समानान्तर आकाश' उपन्यासको शैलीवैज्ञानिक अध्ययन स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

न्यौपाने, टङक्प्रसाद, पारसमणि भण्डारी, दीपक न्यौपाने र तुलसीराम घिमिरे (२०६७), सामान्य भाषाविज्ञान, काठमाडौँ : सनलाइट पब्लिकेशन ।

भुजेल, ममता (२०७२), 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन स्नातकोत्तर शोधपत्र, त्रि.वि ।

भुर्तेल, राधिका (२०७२), 'सेतो धर्ती' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, सुनसरी स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

रेग्मी ,ऋषिराज (२०७२), 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

शर्मा, मोहनराज (२०५९), 'शैलीविज्ञान', काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ।

सुवेदी, लोकेन्द्र (२०७३) 'दमिनी भीर', उपन्यासको शैलीवैज्ञानिक अध्ययन, सुनसरी (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग, त्रि.वि. ।